# २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना सम्बन्धी प्रतिवेदन, २०८२


सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समिति

सिंहदरबार, काठमाडौं



२४ मङ्सिर, २०८२

# २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना सम्बन्धी प्रतिवेदन,२०८२

सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समिति
सिंहदरबार, काठमाण्डौं

२४ मङ्सिर, २०८२

मिति २०८२।०८।२४

सम्माननीय प्रधानमन्त्रीज्यू

**विषय: प्रतिवेदन पेश गरिएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८२ असोज ०५ गतेको निर्णय अनुसार वि. सं. २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन गर्न र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समितिको प्रतिवेदन पेश गरेका छौं।

| | |
|---|---|
| रविलाल पन्थ, सचिव, राष्ट्रिय योजना आयोग, | संयोजक |
| गोपाल प्रसाद सिग्देल, सचिव सहरी विकास मन्त्रालय, | सदस्य |
| अमृत श्रेष्ठ, सह सचिव, राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण, | सदस्य |
| ढुण्डिराज लामिछाने, उप प्रमुख तथ्याङ्क अधिकारी, | सदस्य |
| जेन्जीका प्रतिनिधि, | सदस्य |

## हार्दिक आभार

२०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनबाट सिर्जित घटनाक्रमले राष्ट्रको सबै क्षेत्रलाई प्रभावित पारेको छ। आन्दोलनका क्रममा मानवीय क्षति, सार्वजनिक संरचनाहरूमा भएको आगजनी तथा तोडफोड, निजी तथा सामुदायिक सम्पत्तिमा परेको नोक्सानी र सेवा–प्रवाहमा सिर्जित अवरोधले राज्यका हरेक क्षेत्रमा प्रभाव परेको देखिन्छ। आन्दोलनबाट भएको क्षतिको परिमाणलाई व्यवस्थित ढङ्गले पहिचान, मापन र मूल्याङ्कन गरी तत्काल पुनर्निर्माणको कार्यलाई तिव्रता दिन आवश्यक देखिन्छ। यसै क्रममा विक्रम सम्वत् २०८२ भदौ २३ र २४ सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ असोज ५ गतेको बैठकबाट राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन भएको थियो। यो समितिलाई सार्वजनिक सम्पत्ति, सरकारी संरचना र निजी प्रतिष्ठानको क्षति मूल्याङ्कनका साथै सार्वजनिक संरचनाको पुन निर्माण योजना तयार गर्ने कार्यादेश रहेको थियो।

समितिले संघ, प्रदेश, स्थानीय तह, सार्वजनिक संस्थान, निजी क्षेत्र र सामुदायिक संस्थाहरुको मानवीय, भौतिक तथा आर्थिक क्षतिको प्राथमिक तथ्याङ्क संकलन गरी समग्र क्षति मूल्याङ्कन र सोही बमोजिम पुनर्निर्माणको योजना तयार गरेको छ ।तथ्याङ्क संकलनको क्रममा समितिले विस्तृत प्रश्नावली निर्माण गरी अनलाईन प्रणाली तयार गरेको थियो।

तथ्याङ्क प्रविष्टि, अनुगमन र प्राविधिक सहजीकरणमा नेपाल सरकारका सबै आयोग, मन्त्रालय लगायतका निकायहरु, सबै प्रदेशका सरकारी कार्यालय, स्थानीय तह, सुरक्षा निकाय, सार्वजनिक तथा निजी क्षेत्रका प्रतिनिधिहरू, प्राविधिक टोलीहरू र विभिन्न संघ–संस्थाहरूबाट प्राप्त सक्रिय समन्वय तथा सहकार्य प्रशंसायोग्य थियो।

यस प्रतिवेदनमा आन्दोलनबाट भएको मानवीय क्षति, भवन तथा संरचनागत नोक्सानी, सवारी साधन र अन्य भौतिक सम्पत्तिको क्षति, उत्पादन तथा सेवामा परेको असर,

सरकारी तथा सार्वजनिक संरचनाको पुनर्निर्माणका लागि तत्कालिन र ३ वर्षे योजना सहितको प्रतिवेदन तयारी गरिएको छ।

समितिलाई तथ्याङ्क संकलन गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउने संघीय मन्त्रालय तथा निकाय,अदालत, प्रदेश मुख्यमन्त्री कार्यालय र अन्य मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तहका जनप्रतिनिधि एवम् कर्मचारी, सार्वजनिक संस्थानका कर्मचारीहरु, निजी क्षेत्रका छाता संगठनका प्रतिनिधि, तथ्याङ्क संकलनमा प्रत्यक्ष खटिएका कर्मचारी, सुरक्षा निकाय, पत्रकार तथा अन्य सरोकारवालामा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

तोकिएको समयसीमा भित्र क्षति मूल्याङ्कन तथा पुनर्निर्माण योजना तयार गर्नेक्रममा समितिलाई प्रत्यक्ष सहयोग गर्ने सहजीकरण उपसमितिका सदस्यहरू, सचिवालय, प्राविधिक विज्ञ तथा संलग्न सम्पूर्ण कर्मचारीको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै प्रशंसा गर्दछौं।

अन्तमा, यस प्रतिवेदनले सरोकारवाला निकायहरुलाई क्षतिग्रस्त सार्वजनिक संरचना पुनर्निर्माणका लागि मार्गदर्शन गर्नेछ  भने दातृनिकाय लगायत शैक्षिक एवम् प्राज्ञिक निकायका लागि अध्ययन अनुसन्धानमा सहयोग गर्न सक्ने विस्वास गर्दछौं।

समिति

मङसिर, २०८२

# कार्यकारी सारांश

विक्रम सम्बत् २०८२ भदौ २३ र २४ गते भएको आन्दोलनको क्रममा मानवीय क्षति तथा सार्वजनिक, निजी तथा सामुदायिक संरचनामा पुगेको भौतिक क्षतिको मूल्याङ्कन गर्नु र सार्वजनिक सम्पत्तिको पुनर्निर्माण योजना तयार गर्नु यस प्रतिवेदनको मुल भावना रहेको छ। तथ्याङ्क मूल्याङ्कन प्रक्रिया तथा विधि अन्तर्गत तथ्याङ्क संकलनका लागि समितिले प्रश्नावलीहरू तयार गरी प्राथमिक स्रोत अन्तर्गत अनलाईन प्रणालीको प्रयोग गरी तथ्याङ्क प्रविष्टि तथा प्रमाणीकरण गरिएको थियो। तथ्याङ्क प्रशोधन, त्रुटि न्यूनीकरण तथा सामान्यकरणका लागि राष्ट्रिय योजना आयोगमा केन्द्रीय सहजीकरण कक्ष सञ्चालन गरिएको थियो। प्राप्त तथ्याङ्क बमोजिम प्रतिवेदनमा मुल रुपमा देहायका विषय पहिचान गरिएको छ।

१. आन्दोलनको क्रममा कुल ७७ जनाको मृत्यु भएको थियो। जसमध्ये ७३ जना पुरुष र ४ जना महिला रहेका थिए। मृत्यूवरण गरेका मध्ये १३ देखि २८ वर्ष उमेर समूहमा ३९ जना रहेका थिए। घाइतेको कुल सङ्ख्या २,४२९ रहेको थियो, जसमध्ये १,४३३ जना १३—२८ वर्ष समूहका रहेको देखिन्छ।

२. कुल भौतिक क्षतिको मूल्य रू. ८४ अर्ब ४५ करोड ७७ लाख रहेको छ, जुन देशको कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४.३० प्रतिशत हो। कुल क्षति रकम मध्ये सरकारी/सार्वजनिक क्षेत्रमा ५३ प्रतिशत, निजी क्षेत्रमा ४० प्रतिशत र सामुदायिक तथा अन्य क्षेत्रमा ७ प्रतिशत अंश रहेको छ। बागमती प्रदेश सबैभन्दा धेरै प्रभावित भएको छ। आन्दोलनको क्रममा कुल २,६७१ भवन क्षतिग्रस्त भएका छन्, जसमध्ये ७९.८ प्रतिशत सार्वजनिक भवन रहेका छन्। भवनमा रू. ३९ अर्ब ३१ करोड ७५ लाख, सवारी साधनमा रू.१२ अर्ब ९३ करोड ६१ लाख, अन्य भौतिक सम्पत्तिमा रू. २० अर्ब ३६ करोड ४० लाख, नगद तथा बहुमूल्य वस्तुमा रू. २ अर्ब ८१ करोड ३४ लाख र बाँकी रकम रु ९ अर्ब २ करोड ६७ लाख अन्य अस्थायी सम्पत्ति तथा निजी सम्पत्तीमा क्षति भएको विवरण प्राप्त भएको छ।

३. सार्वजनिक क्षेत्रमा कुल रू.४४ अर्ब ९३ करोड ७३ लाखको भौतिक क्षति भएको छ। यस मध्ये नेपाल सरकारले ६६ प्रतिशत, प्रदेश सरकारले १० प्रतिशत, स्थानीय तहले २१.८ प्रतिशत र सार्वजनिक संस्थानले २.२ प्रतिशत क्षति व्यहोरेका छन्। सार्वजनिक क्षेत्रमा भएको कुल क्षति रकमको ४४.७ प्रतिशत भवनमा, २.६ प्रतिशत सवारी साधनमा, २३.२ प्रतिशत अन्य भौतिक सम्पत्तिमा र २९.५ प्रतिशत अन्य अस्थायी तथा निजी सम्पत्तिमा रहेको देखिन्छ।

४. प्रदेशगत रुपमा हेर्दा कुल भौतिक क्षति रकमको सबैभन्दा धेरै क्षति रकम (६६.५ प्रतिशत) बाग्मती प्रदेशमा रहेको छ । भवनतर्फको कुल रकमको ७४% र सवारी साधनको कुल रकमको ५८% पनि बागमती प्रदेशमा नै रहेको देखिन्छ।

५. निजीक्षेत्रमा भएको कुल ३३ अर्ब ५४ करोड ८७ लाख क्षति भएको छ। निजी क्षेत्र तर्फ निजी प्रतिष्ठान र घरपरिवारमा भएको क्षती समाबेश गरिएको छ। यस मध्ये निजी प्रतिष्ठानमा रू. २७ अर्ब ४९ करोड ३ लाख (८१.९प्रतिशत), घरपरिवारमा रू. ६ अर्ब ५ करोड ८४ लाख (१८.१ प्रतिशत) क्षति भएको देखिन्छ।

६. सामुदायिक तथा अन्य क्षेत्रमा रू. ५ अर्ब ९७ करोड १७ लाख क्षति भएको छ। सामुदायिक तथा अन्य क्षेत्रतर्फ राजनीतिक दलका कार्यालय, सामुदायिक संघ संस्थाका संरचना तथा सम्पत्तिको क्षति समावेश गरिएको छ । समग्र भौतिक क्षति मध्ये सामुदायिक तथा अन्य क्षेत्रमा ७ प्रतिशत क्षति भएको देखिन्छ।

७. आन्दोलनको क्रममा उत्पन्न परिस्थितिका कारण वस्तु तथा सेवा उत्पादनमा रु. १३ अर्ब ८७ करोड ५६ लाखको नोक्सानी पुर्याएको देखिन्छ। रोजगारीतर्फ २,९९९ व्यक्तिको रोजगारीमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ, जसमध्ये २,३५३ जनाले पूर्ण रूपमा रोजगारी गुमाएको देखिन्छ।

८. पुनर्निर्माण कार्ययोजना अनुसार सार्वजनिक क्षेत्रमा क्षति भएका भवनको पुनर्निर्माण/मर्मत र सवारी साधन तथा अन्य भौतिक वस्तुहरुको खरिद/मर्मतका

लागि कुल रू. ३६ अर्ब ३० करोड २१ लाख लाग्ने अनुमान गरिएको छ । भवनको पुनर्निर्माणतर्फ रू. १९ अर्ब ९८ करोड ९८ लाख, सवारी साधनको खरिद/मर्मततर्फ रू. ६ अर्ब १६ करोड ८० लाख र अन्य भौतिक बस्तुका खरिद तथा मर्मतका लागि रू. १० अर्ब १४ करोड ४२ लाख अनुमान गरिएको छ।

९. समग्रमा, यस प्रतिवेदनले क्षतिको विस्तृत मूल्याङ्कन गरी पुनर्निर्माणका लागि प्राथमिकता निर्धारण, बजेट व्यवस्थापन तथा नीति निर्माणका निमित्त सुझाव प्रस्तुत गरेको छ। सार्वजनिक सम्पत्तिको पुनर्निर्माणलाई प्राथमिकता दिई, क्षतिग्रस्त भवन, सवारी साधन र अन्य सम्पत्तिको मर्मत तथा पुनर्स्थापनाका लागि कार्ययोजना समेत तयार गरिएको छ। निजी तथा सामुदायिक क्षेत्रको पुनर्स्थापनामा सहयोग गर्न आर्थिक प्रोत्साहन तथा राहतको व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ। तीन तहकै सरकारी संयन्त्र वीचको समन्वय र सहकार्यबाट राहत, पुनर्निर्माण कार्यक्रम संचालन गरी निर्धारित समय सीमा भित्र नै अपेक्षित काम सम्पन्न गर्न सबै पक्ष प्रतिवद्ध रहने अपेक्षा गरिएको छ।

## विषयसूची

हार्दिक आभार....................................................ख

कार्यकारी सारांश....................................................घ

परिच्छेद १ ....................................................१

पृष्ठभूमि....................................................१

१.१ परिचय....................................................१

१.२ उद्देश्य....................................................२

१.३ प्रतिवेदन समितिको गठन र कार्य क्षेत्रः....................................................२

१.४ मूल्याङ्कन प्रक्रिया तथा विधि....................................................३

१.५ प्रतिवेदनको सीमा....................................................५

१.६ प्रतिवेदनको ढाँचा....................................................६

परिच्छेद २ ....................................................७

मानवीय क्षति....................................................७

२.१ मृत्यु सम्बन्धी विवरण....................................................७

२.२ घाइते सम्वन्धी विवरण....................................................८

परिच्छेद ३ ....................................................९

भौतिक क्षति....................................................१०

३.१ समग्र भौतिक क्षतिको विवरण....................................................१०

३.२ भवनमा भएको क्षति....................................................१८

३.३ सवारी साधनमा भएको क्षतिः....................................................२३

३.४: अन्य भौतिक सम्पत्तिमा पुगेको समग्र क्षति....................................................२४

३.५ नगद तथा बहुमूल्य वस्तु वा सम्पत्तिमा पुगेको समग्र क्षति:....................................................२५

परिच्छेद ४ ....................................................२८

सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सामुदायिक क्षेत्रको क्षतिको विवरण....................................................२८

४.१ सार्वजनिक/सरकारी क्षेत्रमा भएको क्षति: ........ २८
४.१.१ नेपाल सरकार ........ २९
४.१.२ प्रदेश सरकार ........ ३३
४.१.३. स्थानीय तह अन्तर्गत क्षति विवरण ........ ४०
४.२ सार्वजनिक संस्थान ........ ४६
४.३ निजी तथा सामुदायिक क्षेत्रमा भएको क्षति ........ ४७
४.३.१ निजी प्रतिष्ठान ........ ४७
४.३.२ घरपरिवार ........ ५२
४.३.३ सामुदायिक तथा अन्य क्षेत्र ........ ५६
परिच्छेद ५ ........ ६१
उत्पादन, सेवा र रोजगारीमा परेको असर ........ ६१
५.१ उत्पादन र सेवा क्षेत्रमा परेको असर ........ ६१
५.१.१ निजी तथा सामुदायिक क्षेत्रमा वस्तु तथा सेवा उत्पादनमा परेको प्रभाव... ६१
५.१.२ उत्पादन/सेवा क्षेत्रअनुसार नोक्सानी ........ ६२
५.२ रोजगारीमा परेको असर ........ ६३
परिच्छेद ६ ........ ६४
सारभूत तथ्य तथा सुझावहरु ........ ६४
६.१ सारभुत तथ्य ........ ६४
६.२ सुझावहरु ........ ६६
परिच्छेद ७ ........ ६८
पुनर्निर्माण योजना ........ ६८
७.१ पृष्ठभूमि ........ ६८
७.२ पुनर्निर्माणको सिद्धान्त ........ ६८
७.३ पुनर्निर्माणको रणनीति ........ ६९

७.४ पुनर्निर्माणको लगानीको आवश्यकताको अनुमान विधि..................................७०
७.५ पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि अनुमानित लागत रकम......................७३
७.६ वित्तीय स्रोत व्यवस्थापन......................................................................८१
७.७ समय सीमा..............................................................................................८३
७.८ पुनर्निर्माण कार्ययोजना..........................................................................८३
७.९ संस्थागत व्यवस्था...................................................................................९३
७.१० अनुगमन तथा मूल्याङ्कन.....................................................................९३
अनुसूची १.........................................................................................................९५
तथ्याङ्क संकलनको प्रश्नावली..........................................................................९५
क. मानवीय तथा आर्थिक-सामाजिक क्षतिको विवरण..........................................९५
ख. भवन वा निर्मित संरचनाको क्षतिको विवरण.................................................१०६
अनुसूची २........................................................................................................११६
सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयारीको लागि गठित समिति....................११६
अनुसूचि ३........................................................................................................११७
समितिको कार्यसम्पादनलाई सहजीकरण गर्न गठित सहजीकरण उपसमिति..............११७
अनुसूची ४........................................................................................................११८
तथ्याङ्क विश्लेषण, क्षति मूल्याङ्कन र प्रतिवेदन लेखनमा संलग्न कर्मचारी.....................११८
अनुसुचि ५........................................................................................................११९
सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको तथ्याङ्क संकलनमा आवश्यक सहजीकरण र समन्वय गर्न खटिइएका टोलीका सदस्यहरु.....................११९

# परिच्छेद १

# पृष्ठभूमि

## १.१ परिचय

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ साल असोज ५ को निर्णयानुसार २०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनबाट भएको मानवीय तथा भौतिक क्षतिको मूल्याङ्कन गर्न राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा समिति गठन भएको थियो।

आन्दोलनको क्रममा ७७ जना व्यक्तिहरूले ज्यान गुमाएका छन् भने धेरै व्यक्तिहरू घाइते भई हालसम्म पनि विभिन्न अस्पतालहरूमा उपचारत छन्। राष्ट्रपति कार्यालय, संघीय संसद, सर्वोच्च अदालत, कार्यपालिका र न्यायपालिका सम्बद्ध केन्द्रीय निकाय तथा मातहतका कार्यालय भवनहरूका अतिरिक्त संघ, प्रदेश र स्थानीय तहका समेत सार्वजनिक तथा सरकारी भवनहरू, सवारी साधन लगायत अन्य चल-अचल सम्पत्ति लुटपाट, तोडफोड तथा आगजनीमा परी पूर्ण, आंशिक वा सामान्य रूपमा क्षतिग्रस्त भएका छन्।

आन्दोलनको क्रममा निजी आवास तथा व्यावसायिक प्रतिष्ठान, राजनीतिक दलका कार्यालय, सहकारी तथा सामुदायिक संघ संस्थाहरूमा उल्लेख्य रूपमा भौतिक तथा आर्थिक क्षति पुगेको देखिन्छ। यसबाट सरकारी निकाय र व्यावसायिक प्रतिष्ठानहरूको सेवा प्रवाह, उत्पादन र रोजगारीमा प्रत्यक्ष असर पुगेको छ। नकारात्मक असर परी समग्र सामाजिक आर्थिक क्षेत्र प्रभावित हुन पुगेको छ। उल्लिखित परिवेशमा एकातर्फ सार्वजनिक निकायहरूको तत्काल पुनर्निर्माण सम्बन्धी कार्य प्रारम्भ गर्नु पर्ने अवस्था छ भने अर्कोतर्फ प्रभावित निजी प्रतिष्ठान/उद्योग क्षेत्रको मनोवल वृद्धि गरी पुनरोत्थान गर्नु पर्नेछ। त्यस्तै लगानी प्रर्वद्धन एवम् उत्पादन अभिवृद्धिका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने र सुरक्षित वातावरणको विश्वास दिलाएर वैदेशिक लगानी समेत आकर्षित गर्नुपर्ने आवश्यकता देखिएको छ।

यस प्रतिवेदनमा मानवीय, सार्वजनिक सम्पत्ति एवम् संरचनामा भएको क्षति, निजी प्रतिष्ठान तथा व्यक्तिगत सम्पत्तिमा भएको क्षति तथा उत्पादन र रोजगारीमा परेको असर लगायतका संकलित तथ्याङ्कलाई मूल्याङ्कन गरी सारभूत तथ्य र सुझाव प्रस्तुत गरिएको छ। यसका अलवा समितिको कार्यादेश अनुसार सार्वजनिक सम्पत्ति/ संरचना, निजी प्रतिष्ठानको क्षति मूल्याङ्कन र तत्कालिन र ३ वर्षे पुन निर्माणको कार्ययोजना समेत तयार गरी प्रस्तुत गरिएको छ।

## १.२ उद्देश्य

यस प्रतिवेदन तयार गर्नुको मूख्य उद्देश्य २०८२ साल भदौ २३ र २४ को आन्दोलनको क्रममा, सार्वजनिक सम्पत्ति एवम् सरकारी संरचना निजी प्रतिष्ठान तथा निजी आवास, सामुदायिक संस्था तथा अन्य क्षेत्रमा भएको क्षतिको मूल्याङ्कन गर्नु र सार्वजनिक सम्पत्तिको पुनर्निर्माण योजना तयार गर्नु रहेको छ। यसका अतिरिक्त यस क्षति मूल्याङ्कन तथा पुनर्निर्माण योजनाको प्रतिवेदनको उद्देश्य देहायअनुसार रहेका छन्।

क) आन्दोलनका क्रममा मानवीय क्षति एवम् रोजगारीमा परेको असरको विवरण/तथ्याङ्क प्राप्त गरी क्षतिको परिमाण तथा प्रकृतिको मूल्याङ्कन गर्नु।

ख) सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्र अन्तर्गतका स्थायी तथा अस्थायी प्रकृतीका संरचना, सवारी साधन लगायतका अन्य चल-अचल सम्पत्तिको विवरण/तथ्याङ्क प्राप्त गरी क्षतिको परिमाण तथा प्रकृतिको मूल्याङ्कन गर्नु।

ग) उत्पादन तथा सेवामा भएको नोक्सानको विवरण/तथ्याङ्क प्राप्त गरी क्षतिको परिमाण तथा प्रकृतिको मूल्याङ्कन गर्नु।

घ) सार्वजनिक सम्पत्तिको पुनर्निर्माणको कार्ययोजना तयार गर्नु।

## १.३ प्रतिवेदन समितिको गठन र कार्य क्षेत्रः

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ साल असोज ५ को निर्णयानुसार २०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनबाट भएको मानवीय तथा भौतिक क्षतिको मूल्याङ्कन गर्न राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा शहरी विकास मन्त्रालयका सचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्राविधिक सहसचिव, राष्ट्रिय तथ्याङ्क कार्यालयका सहसचिव र जेनजीका विज्ञ प्रतिनिधि

सदस्य रहने गरी समिति गठन भएको थियो । उक्त समितिलाई ४५ दिनभित्र प्रतिवेदन पेश गर्न समय तोकिएकोमा नेपाल सरकारको (मन्त्रिपरिषद्) मिति २०८२/०८/१५ को निर्णयानुसार थप ३० दिनको समयावधि उपलब्ध भएको थियो। क्षतिको विवरण संकलन, मूल्याङ्कन र कार्ययोजना तयार गर्नको लागि समितिको मिति २०८२/०६/२४ को निर्णयानुसार सहजीकरण उपसमिति गठन गरिएको थियो। तथ्याङ्क संकलनको लागि प्रयोग भएको प्रश्नावली अनुसूचि १ मा र समिति र उपसमिति लगायत यस कार्यमा संलग्न कर्मचारीको विवरण **अनुसूची २,३ ४ र ५** मा समावेश गरिएको छ। समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको थियो।

१. सरकारी संरचना, सार्वजनिक सम्पत्ति, निजी प्रतिष्ठान लगायत सामुदायिक संघसंस्था/निजी सम्पत्तिको क्षतिको विवरण/तथ्याङ्क संकलन तथा क्षति मूल्याङ्कन गर्ने।
२. सार्वजनिक सम्पत्तिको पुनर्निर्माण योजना सहितको प्रतिवेदन पेश गर्ने।

## १.४ मूल्याङ्कन प्रक्रिया तथा विधि

### क) तथ्याङ्क तथा विवरण संकलनः

क्षति मूल्याङ्कनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतबाट तथ्याङ्क तथा सूचना संकलन गरिएको थियो। प्राथमिक स्रोतका जानकारी प्राप्त गर्न समितिले सरोकारवाला निकायसँग समन्वय एवम् छलफल गरी आवश्यक प्रश्नावलीहरू तयार गरेको थियो। सामाजिक तथा आर्थिक क्षति र भौतिक संरचनासम्बन्धी विवरण संकलनका लागि छुट्टाछुट्टै प्रश्नावली विकास गरी **KOBO Software** मार्फत तथ्याङ्क संकलन गरिएको थियो। साथै, संकलित तथ्याङ्क प्रविष्टि गर्ने उद्देश्यले निर्माण गरिएको कम्प्युटर प्रणाली प्रयोग गर्न सम्बन्धित निकायका प्राविधिकसहितका कर्मचारीलाई अनलाइन तथा भौतिक उपस्थितिमा अभिमुखीकरण प्रदान गरिएको थियो।

सम्बन्धित स्थानीय तहले आफ्नो अन्तर्गतका कार्यालय, निजी प्रतिष्ठान र सामुदायिक तथा निजी सम्पत्तिमा भएको क्षतिको तथ्याङ्क प्रविष्टि गर्ने, सबै प्रदेशले आ-आफ्नो प्रदेश अन्तर्गतका निकायको क्षतिको तथ्याङ्क प्रविष्टि गर्ने, संवैधानिक आयोग, संघीय मन्त्रालय तथा निकायहरूले आफ्नो निकायको क्षति संकलन गरी प्रविष्टि गर्ने, सार्वजनिक

संस्थाहरूले आफ्नो र आफ्नो मातहतका निकायहरूको क्षतिको तथ्याङ्क प्रविष्टि गर्ने गरी जिम्मेवारी तोकिएको थियो।

तथ्याङ्क संकलनमा संलग्न कर्मचारीलाई अभिमुखीकरण गर्न तथा आवश्यक प्राविधिक सहजीकरण गर्न प्रदेशहरुमा सहसचिवको नेतृत्वमा सात वटा टोली र काठमाडौं उपत्यका भित्रका जिल्लाहरुमा तीन वटा टोली परिचालन गरिएको थियो। क्षति भएका जिल्लाहरुमा उपसचिवस्तरको नेतृत्वमा इन्जिनियर सहितको टोली परिचालन गरिएको थियो।

क्षति भएका सम्वन्धित निकायले संकलन गरेको विवरण/तथ्याङ्कमा आधारित रही समितिको निर्णयानुसार जिल्लाहरुमा परिचालन भएका कर्मचारीको टोलीले संकलित विवरण/तथ्याङ्क KOBO Software मा प्रविष्टि गर्न सहजीकरण गरेका थिए। विवरण/तथ्याङ्क संकलनको लागि तयार गरिएको KOBO Software प्रणालीमा क्षतिमा आधारित दुई प्रकृतिका प्रश्नावलीहरू समावेश गरिएका थिए।

१. मानवीय तथा आर्थिक-सामाजिक क्षतिको विवरण
२. भवन वा निर्मित संरचनाको क्षतिको विवरण

क्षतिको विवरण/तथ्याङ्क प्रविष्टिका लागि केन्द्रीय तहमा नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, जिल्ला समन्वय समिति महासंघ, नेपाल इन्जिनियर्स एसोसियशन, उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा नेपाल चेम्वर अफ कमर्स लगायतसँग समन्वय र सहकार्य गरिएको थियो। त्यसैगरी प्रदेश तहमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश मन्त्रालयहरु तथा प्रदेश स्तरमा रहेका निजी संघसंस्था/निकायसँग र जिल्लास्तरमा जिल्ला प्रशासन कार्यालय, जिल्लामा रहेका संघ र प्रदेशका सरकारी कार्यालय, गाउँपालिका/नगरपालिकाका जनप्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ लगायत निजी क्षेत्रका संघसंस्थासँग समन्वय र सहकार्य गरिएको थियो।

भवन वा परिसर बाहिर भएको क्षतिको विवरण प्राप्त गर्न द्वितीय स्रोत उपयोग गरिएको थियो। सडक वा अन्य खुला स्थान र अस्पताल परिसरमा भएको मानवीय वा भौतिक क्षतिको विवरण गृह मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायले उपलब्ध गराएको विवरणका आधारमा तयार गरिएको थियो।

### क) तथ्याङ्क प्रशोधन तथा विश्लेषण

प्रश्नावलीमा प्रविष्टि भएका विवरण/तथ्याङ्कहरुमा त्रुटि न्यूनीकरण र सामन्जस्यताका लागि राष्ट्रिय योजना आयोगमा विज्ञ प्राविधिक टोली सम्मिलित केन्द्रीय सहजीकरण एकाई गठन गरी कार्य सञ्चालन गरिएको थियो। उक्त संयन्त्रले आवश्यकता अनुसार विवरण/तथ्याङ्क प्रविष्टिका क्रममा तथ्याङ्क प्रतिउत्तरदातासँग प्रत्यक्ष सम्पर्क गरेको थियो। यसैगरी प्रविष्टि भएका विवरणको सामान्य सम्पादन पश्चात् आवश्यक स्थानमा कोडिङ गरिएको थियो।

परिमाणात्मक तथ्याङ्कलाई शुरुमा MS-Excel मा परिवर्तन (माइग्रेट) गरी आवश्यकताअनुसार STATA लगायतका Software प्रयोग गरेर विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा तालिकाहरू प्रस्तुत गरी तिनीहरूको मान उल्लेख गरिएको छ। गुणात्मक विवरणका हकमा आवश्यक स्थानमा कोडिङ गरी Ranking र Frequency मापनका आधारमा विश्लेषण गरिएको छ।

## १.५ प्रतिवेदनको सीमा

यस प्रतिवेदनका सीमा देहाय अनुसार रहेका छन् -

१. तथ्याङ्क संकलन, मूल्याङ्कन, कार्ययोजना तर्जुमा सहितको प्रतिवेदन लेखन कार्यसम्मका लागि लामो समय आवश्यकता पर्ने भएता पनि नेपाल सरकार (मन्त्रिपरिषद्) ले तोकेको समय सीमा भित्र निर्देशित कार्य गर्नु परेको।

२. आन्दोलनका क्रममा क्षति भएका सरकारी संरचना तथा सार्वजनिक सम्पत्ति र निजी प्रतिष्ठानको क्षतिको प्राविधिक मूल्याङ्कन कार्यमा अप्राविधिक जनशक्ति समेत परिचालन गर्नु परेको थियो।

३. क्षति भएको सम्वन्धित निकाय/व्यक्तिले आफैले मूल्याङ्कन गरी प्रणालीमा प्रविष्टि गरेको विवरण/तथ्याङ्कमा आधारित रही क्षतिको मूल्याङ्कन र प्रतिवेदन तयार गरिएको छ।

४. तोकिएको समय सीमामा प्रणालीमा प्रविष्टि गरिएको तथ्याङ्कलाई मात्र आधार मानि क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

५. सार्वजनिक सम्पत्ति (सरकारी/संस्थान) को मात्र पुनर्निर्माण योजना सहितको प्रतिवेदन तयार गरिएको छ र निजी एवम् सामुदायिक निकायको पुनर्निर्माण सम्बन्धमा यो प्रतिवेदनले आधार तथ्याङ्क मात्र उपलब्ध गराएको छ।

६. प्रतिवेदनमा पुरातात्विक र ऐतिहासिक महत्वका संरचना, वस्तु, सामग्रीको कलात्मक मूल्य (Aesthetic Value) र अन्य भौतिक संरचना समेतको व्यवसायिक मूल्य (Business Value) पूर्ण रुपमा समावेश गर्न सकिएको छैन।

७. उत्पादन तथा सेवामा भएको नोक्सानी र रोजगारीमा परेको असरको मूल्याङ्कन गर्दा निजी प्रतिष्ठान र घरपरिवारको उत्पादन र सेवा अवरुद्ध हुँदाको समयलाई आधार मानी अनुमानित नोक्सानलाई मात्र समावेश गरिएको छ।

## १.६ प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनको पहिलो परिच्छेदमा मूल्याङ्कन तथा कार्ययोजना तयारीको पृष्ठभूमि सम्बन्धी विवरण समावेश गरिएको छ। दोस्रो परिच्छेदमा मानवीय क्षति तथा रोजगारीमा परेको असर उल्लेख गरिएको छ।परिच्छेद ३ र ४ मा क्रमशः भौतिक क्षतिको विवरण र सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सामुदायिक क्षेत्रको क्षतिको विवरण समावेश गरिएको छ। परिच्छेद ५ मा उत्पादन, सेवा र रोजगारीमा परेको असर छ भने प्रतिवेदनको परिच्छेद ६ मा सारभूत तथ्य तथा सुझाबहरु प्रस्तुत गरिएको छ । परिच्छेद ७ मा सार्वजनिक संरचनाको पुन निर्माण योजना (Reconstruction Plan) समावेश गरिएको छ भने प्रतिवेदनको प्रारम्भमा कार्यकारी सारांश प्रस्तुत गरिएको छ।

# परिच्छेद २

## मानवीय क्षति

यस परिच्छेदमा मानव जीवन तथा मानव स्रोतसँग सम्बन्धित क्षतिको विवरण समावेश गरिएको छ। सार्वजनिक, निजी वा सहकारी/सामुदायिक स्वामित्व वा भोगचलनमा रहेका क्षति पुगेको घर/भवन र सोको परिसरभित्र कुनै व्यक्तिको मृत्यु भएको वा घाइते सम्बन्धी प्रश्नावली बमोजिम सफ्टवेयर प्रणालीमा प्राप्त सूचनाका साथै गृह मन्त्रालयबाट प्राप्त सूचनालाई आधार लिई आन्दोलनका क्रममा भएको मानवीय क्षति (मृत्यु र घाइते) को विवरण तयार गरिएको छ।

### २.१ मृत्यु सम्बन्धी विवरण

भदौ २३ र २४ गते भएको आन्दोलनको कारण हालसम्म ७७ जना व्यक्तिको मृत्यु भएको छ। यस मध्ये २० जनाको २३ गते र ३७ जनाको २४ गते निधन भएको हो। सोही समयमा घाइते भई उपचारका क्रममा २४ गते पछि पनि २० जनाको मृत्यु भएको थियो। मृतक व्यक्तिहरू मध्ये कुल ७३ जना पुरुष र ४ जना महिला रहेका छन्।

**तालिका २.१ मृत्यु सम्बन्धी विवरण**

| विवरण | कुल संख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| २३ गते | २० | ० | २० |
| २४ गते | ३३ | ४ | ३७ |
| २४ गतेपछि | २० | ० | २० |
| कुल | ७३ | ४ | ७७ |

*स्रोतः गृह मन्त्रालय*

मृतक व्यक्तिको उमेर अनुसार धैरै मृतक व्यक्तिहरू १३ देखि २८ वर्ष उमेर समूहको रहेको देखिन्छ। मृतक मध्ये यो उमेर समूहका ३९ जना व्यक्तिहरूको मृत्यु भएको

थियो। २८ देखि ४० वर्ष उमेर समूहका १६ जना र ४० वर्ष माथिका १७ जना व्यक्तिहरुको मृत्यु भएको थियो।

**तालिका २.२ः उमेर समूह अनुसार मृत्यु सम्बन्धी विवरण**

| उमेर समूह | मृतक व्यक्तिको संख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| १३ वर्ष भन्दा कम | ० | ० | ० |
| १३ देखि २८ वर्ष | ३७ | २ | ३९ |
| २८ देखि ४० वर्ष | १६ | ० | १६ |
| ४० वर्ष भन्दा माथि | १५ | २ | १७ |
| उमेर नखुलेको | | | ५ |
| कुल | ७३ | ४ | ७७ |

*स्रोतः गृह मन्त्रालय*

## २.२ घाइते सम्वन्धी विवरण

उमेर अनुसार धेरै घाइते व्यक्तिहरू १३ देखि २८ वर्ष उमेर समूहको रहेको देखिन्छ। कुल २४२९ जना घाइते मध्ये यस उमेर समूहका कुल १४३३ जना व्यक्तिहरू घाइते भएका थिए। सबैभन्दा धेरै घाइते पुरुष र महिलाहरू पनि यसै उमेर समूहका रहेका छन्।

**तालिका २.३ः उमेर समूह अनुसार घाइते वा चोटपटक लागेका व्यक्तिको विवरण**

| उमेर समूह | घाइते व्यक्तिको संख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| १३ वर्ष भन्दा कम | १३ | ४ | १७ |
| १३ देखि २८ वर्ष | १३३४ | ८१ | १४३३ |
| २९ देखि ४० वर्ष | ४७३ | ४६ | ५२८ |

| उमेर समूह | घाइते व्यक्तिको संख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| ४१ देखि ६५ वर्ष | २१८ | २२ | २४६ |
| ६५ वर्ष भन्दा माथि | ४ | २ | ६ |
| उमेर नखुलेको | | | १९९ |
| कुल | | | २४२९ |

*स्रोतः गृह मन्त्रालय*

# परिच्छेद ३

# भौतिक क्षति

भदौ २३ र २४ गतेका दिन भएको आन्दोलनका क्रममा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रअन्तर्गतका स्थायी र अस्थायी प्रकृतिका भवन, सवारी साधन, हातहतियार, अन्य चल-अचल सम्पत्ति, उत्पादन तथा सेवा प्रणाली र कार्यसम्पादनमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ। विशेषतः भवन र सवारी साधनमा क्षति पुगेको छ भने सुरक्षाकर्मीहरूले प्रयोग गर्ने हातहतियार र बन्दोबस्ती सामग्रीहरू समेत लुटपाट तथा नोक्सानीमा परेको देखिन्छ। यस परिच्छेदमा संकलित तथ्याङ्कका आधारमा समग्र भौतिक तथा संरचनागत क्षति विवरणहरु प्रस्तुत गरिएको छ।

## ३.१ समग्र भौतिक क्षतिको विवरण

सम्बन्धित व्यक्ति वा निकायबाट संकलन गरिएको तथ्याङ्क अनुसार आन्दोलनका क्रममा भएको चालु मूल्यमा उल्लेख गरिएको समग्र भौतिक क्षति रकम रू. ८४ अर्ब ४५ करोड ७७ लाख रहेको छ। यो रकम देशको कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४.३० प्रतिशत हुन आउछ। उल्लिखित रकममा घरपरिवार, निजी व्यावसायिक प्रतिष्ठान, सार्वजनिक संस्थान र सामुदायिक तथा गैरसरकारी क्षेत्रले गुमाएको उत्पादनको नोक्सानी (Loss) को अनुमानित रकम समावेश गरिएको छैन। आन्दोलनको क्रममा कुल २१६८ वटा संस्था वा निकायहरू प्रत्यक्षरुपमा क्षति भएको देखिन्छ। सम्पत्तिको स्वामित्त्व वा उपयोगको आधारमा हेर्दा कुल क्षति रकमको सबैभन्दा ठूलो अंश (५३ प्रतिशत) सरकारी क्षेत्रमा रहेको देखिन्छ। त्यस्तै, कुल क्षति रकम मध्ये निजी क्षेत्रको अंश ४० प्रतिशत रहेको छ। सामुदायिक तथा अन्य क्षेत्रको अंश भने ७ प्रतिशत रहेको छ। साथै मूल्यवान वस्तु तथा अन्य भौतिक सम्पत्तिमा समेत उल्लेख्य क्षति पुगेको देखिन्छ।

## तालिका ३.१: समग्र क्षतिको विवरण

*(रकम रू. लाखमा)*

| क्षतिको विवरण | सरकारी/सार्वजनिक | निजी | सामुदायिक तथा अन्य | कुल |
|---|---|---|---|---|
| संस्था/निकायको संख्या | १,६९३ | ३५४ | १२१ | २१६८ |
| क्षतिग्रस्त भवन संख्या | २,१३४ | ४३७ | १०० | २६७१ |
| भवनमा भएको क्षति रकम | २००९०२ | १५२८७३ | ३९४०० | ३९३१७५ |
| क्षतिग्रस्त सवारी साधन संख्या | १२०८२ | ५२१ | ५६ | १२६५९ |
| सवारी साधनमा भएको क्षति रकम | १०९९३२ | १८५१६ | ९१३ | १२९३६१ |
| अन्य भौतिक सम्पत्तिमा भएको क्षति रकम | १०४४१२ | ८६५६९ | १२६५९ | २०३६४० |
| मूल्यवान वस्तुमा भएको क्षति रकम | ७९७० | १५१७२ | ४९९३ | २८१३४ |
| अस्थायी प्रकृतिको सम्पत्तिमा भएको क्षति रकम | ६०२४ | ६२३५७ | १७५३ | ७०१३४ |
| सरकारी परिसरमा क्षति भएको निजी सम्पत्ति | २०१३३ | ० | ० | २०१३३ |
| कुल क्षति रकम | ४४,९३,७३ | ३३,५४,८७ | ५,९७,१७ | ८४४५७७ |

क्षतिको प्राप्त विवरण अनुसार बागमती प्रदेश सबै भन्दा धेरै प्रभावित भएको देखिन्छ। कुल क्षति मध्ये भवनमा भएको क्षतिको अंश ५२ प्रतिशत र सवारी साधनमा भएको क्षतिको अंश ५८ प्रतिशत रहेको छ। अन्य भौतिक सम्पत्ति, मूल्यवान वस्तु तथा अस्थायी सम्पत्तिसहित कुल क्षति रकममा पनि बागमती प्रदेशको अंश ६७ प्रतिशत रहेको छ। क्षति भएका संस्था वा निकायको संख्या र क्षतिग्रस्त भवन संख्यामा पनि बागमती प्रदेश पहिलो स्थानमा रहेको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशहरूमा क्षति तुलनात्मक रूपमा न्यून रहेको छ ।

## तालिका ३.२: प्रदेश अनुसार क्षतिको विवरण

*(रकम रू. लाखमा)*

| क्षतिको विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | कुल |
|---|---|---|---|---|---|---|---|---|
| संस्था/निकायको संख्या | ४१६ | ३६१ | ७०१ | १६१ | २८५ | ४८ | १९६ | २१६८ |
| क्षतिग्रस्त भवन संख्या | ४७३ | ४३० | ८८८ | २१६ | ३८४ | ५५ | २२५ | २६७१ |
| भवनमा भएको क्षति रकम | ३८३६५ | १५५९० | २९२७२५ | १३७८३ | २३७३७ | १८५२ | ७१२२ | ३९३१७५ |
| क्षतिग्रस्त सवारी साधन संख्या | १७२९ | २०७० | ५८४८ | १२४७ | १११५ | ११२ | ५०९ | १२६३० |
| सवारी साधनमा भएको क्षति रकम | १६७५५ | १५३५६ | ७५०९३ | ८५९७ | ८१९१ | ६११ | ४७५७ | १२९३६१ |
| अन्य भौतिक सम्पत्तिमा भएको क्षति रकम | २९४७१ | ११३५६ | १३१२०८ | ९३६८ | ९८११ | १५१२ | १०९१३ | २०३६४० |
| मूल्यवान वस्तुमा भएको क्षति रकम | ९४३ | ११४४ | १२९०२ | १२७ | ११६८४ | ८२४ | ५१० | २८१३४ |
| अस्थायी प्रकृतिको सम्पत्तिमा भएको क्षति रकम | १३५५० | १६१० | ४३१५४ | ६१२९ | ४०२९ | ११८७ | ४७४ | ७०१३४ |
| सरकारी परिसरमा क्षति भएको निजी सम्पत्ति | ३४०६ | ४२३८ | ७३०४ | २१६६ | २५१७ | २३५ | २६८ | २०१३३ |
| कुल क्षति रकम | १०२४९० | ४९२९५ | ५६२३८५ | ४०१७० | ५९९७० | ६२२२ | २४०४५ | ८४४५७७ |

*नोटः प्रदेशको भूगोल अनुसार*

संस्थागत क्षेत्र अनुसार सबैभन्दा बढी क्षतिको असर सरकारी क्षेत्रमा रहेको छ। यस क्षेत्रले कुल क्षति रकमको ५२ प्रतिशत (रू. ४३ अर्ब ९८ करोड ११ लाख) र क्षतिग्रस्त भवन संख्याको ७९ प्रतिशत (२१०५ वटा ) ओगटेको छ। यसैगरी, निजी आवासीय भवन, व्यवसायिक प्रतिष्ठान , होटल/रेस्टुरेन्ट, उद्योग तथा निजी विद्यालय लगायतका निकाय/संस्थाहरूमा पनि क्षति पुगेको देखिन्छ। सार्वजनिक संस्थान, गैरसरकारी/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा नागरिक समाजको भवनमा तुलनात्मक रूपमा न्यून क्षति (५ प्रतिशत) रहेको छ।

**तालिका ३.३: संस्थागत क्षेत्र अनुसार क्षतिको विवरण**

| क्षतिको विवरण | निजी भवन | सरकारी क्षेत्र | सार्वजनिक संस्था | होटल / रेष्टुराँ | व्यवसाय: सवारी/ मोटरसाइकल बाहेक | व्यवसाय: सवारी/ मोटरसाइकल सम्बन्धी | उद्योग | निजी विद्यालय | गैरसरकारी/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको भवन | नागरिक समाजको भवन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संस्था/निकायको संख्या | २६० | १६४९ | ४४ | २३ | ३७ | ६ | १९ | ९ | १६ | ७ | ९८ | २१६८ |
| क्षतिग्रस्त भवन संख्या | ३०४ | २१०५ | २९ | २३ | ३९ | ४ | २५ | ४२ | १२ | ३ | ८५ | २६७१ |
| भवनमा भएको क्षति रकम (रू लाख) | २८५२१ | १९६७७९ | ४१२३ | ६२५१५ | ३५२७६ | २६५९ | ३४७६ | २०४२७ | ६१७ | ५९ | ३८७२४ | ३९३१७५ |
| क्षतिग्रस्त सवारी साधन संख्या | २४९ | ११९७३ | १०९ | ५९ | १८ | २८ | ६० | १०७ | ५ | ० | ५१ | १२६५९ |
| सवारी साधनमा भएको क्षति रकम (रू लाख) | ९००५ | १०८३९६ | १५३६ | ५४४ | ३०० | ११६६ | ९६६ | ६५३५ | १०५ | ० | ८०७ | १२९३६१ |
| अन्य भौतिक सम्पत्तिमा भएको क्षति रकम (रू लाख) | ११०२२ | १००८३३ | ३५७९ | १३७०४ | २९८२२ | ९५० | २५४०८ | ५६६३ | १०५९ | ६५ | ११५३५ | २०३६४० |
| मूल्यवान वस्तुमा भएको क्षति रकम (रू लाख) | ९५५३ | ७९१५ | ५५ | ४६८९ | ७३९ | २ | १४५ | ४३ | ३ | ० | ४९९० | २८१३४ |
| अस्थायी प्रकृतिको सम्पत्तिमा भएको क्षति रकम (रू लाख) | २४८३ | ५८७७ | १४६ | १०८१ | ५७१६९ | ० | ४१२ | १२१२ | ८१ | ११ | १६६१ | ७०१३४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सरकारी परिसरमा क्षति भएको निजी सम्पत्ति (रू लाख) | ० | २००१२ | १२२ | ० | ० | ० | ० | ० | ० | ० | ० | २०१३३ |
| कुल क्षति रकम (रू लाख) | ६०५८४ | ४३९८११ | ९५६२ | ८२५३३ | १२३३०६ | ४७७७ | ३०४०६ | ३३८८१ | १८६६ | १३५ | ५७७१७ | ८४४५७७ |

तालिका ३.४ अनुसार सार्वजनिक (संस्थान सहित) क्षेत्रमा भएको क्षतिको सबैभन्दा ठूलो अंश नेपाल सरकारको (६८ प्रतिशत) रहेको छ। भौतिक क्षतिमा प्रदेश तहको अंश १० प्रतिशत रहेको देखिन्छ भने स्थानीय तहले कुल क्षतिको २२ प्रतिशत अंश ओगटेको छ। मूल्यवान वस्तु, अन्य भौतिक सम्पत्ति तथा अस्थायी सम्पत्तिको क्षतिमा पनि नेपाल सरकार र मातहतका निकायको क्षति रकम बढी रहेको देखिन्छ।

**तालिका ३.४: नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा पुगेको क्षति विवरण**

*(रकम रू लाख)*

| क्षतिको विवरण | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | कुल |
|---|---|---|---|---|
| संस्था/निकायको संख्या | ९४० | १९६ | ५५७ | १६९३ |
| क्षतिग्रस्त भवन संख्या | ११२० | ३०९ | ७०५ | २१३४ |
| भवनमा भएको क्षति रकम (रू लाख) | १३८५५५ | १५६६४ | ४६६८३ | २००९०२ |
| क्षतिग्रस्त सवारी साधन संख्या | ८५३१ | १४१८ | २१३३ | १२०८२ |
| सवारी साधनमा भएको क्षति रकम (रू लाख) | ७५६९४ | १६४१२ | १७८२७ | १०९९३२ |
| अन्य भौतिक सम्पत्तिमा भएको क्षति रकम | ६६३६३ | ११४६० | २६५८९ | १०४४१२ |
| मूल्यवान वस्तुमा भएको क्षति रकम (रू लाख) | ७४२३ | ८१ | ४६६ | ७९७० |
| अस्थायी प्रकृतिको | ३३९० | ५६६ | २०६८ | ६०२४ |

| | | | | |
|---|---|---|---|---|
| सम्पत्तिमा भएको क्षति रकम (रू लाख) | | | | |
| सरकारी परिसरमा क्षति भएको निजी सम्पत्ति (रू लाख) | १४१३९ | १४७७ | ४५१८ | २०१३३ |
| कुल क्षति रकम (रू लाख) | ३०५५६३ | ४५६६० | ९८१५१ | ४४९३७३ |

*नोटः सार्वजनिक क्षेत्र (संघ र प्रदेशका संस्थान् सहित) मात्र*

प्रदेश सरकार अन्तर्गतका निकायमा पुगेको क्षतिको विवरण अनुसार बागमती प्रदेश सबैभन्दा बढी प्रभावित देखिएको छ। कुल क्षति रकमको २६ प्रतिशत तथा भवनमा पुगेको क्षति रकमको ३५ प्रतिशत बागमती प्रदेशको रहेको छ। त्यसैगरी कोशी र मधेश प्रदेशले कुल क्षतिको क्रमशः १९ प्रतिशत र १८ प्रतिशत सहित दोस्रो र तेस्रो स्थानमा रहेका छन्। गण्डकी प्रदेशमा कुल क्षतिको १६ प्रतिशत क्षति रहेको छ भने लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशहरूमा तुलनात्मक रूपमा न्यून क्षति भएको देखिन्छ।

**तालिका ३.५: प्रदेश अनुसार क्षति विवरण**

| क्षतिको विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | कुल |
|---|---|---|---|---|---|---|---|---|
| संस्था/निकायको संख्या | २८ | ४६ | ४५ | २७ | १५ | ७ | २८ | १९६ |
| क्षतिग्रस्त भवन संख्या | ५१ | ६४ | ६२ | ४३ | २७ | १२ | ५० | ३०९ |
| भवनमा भएको क्षति रकम (रू लाख) | २८२६ | २३५७ | ५४६५ | २४७० | ४२४ | १८३ | १९३९ | १५६६४ |
| क्षतिग्रस्त सवारी साधन संख्या | ३७४ | २८१ | २५२ | २११ | ६४ | ५० | १८६ | १४१८ |
| सवारी साधनमा भएको क्षति रकम (रू लाख) | ३४५० | ३२०३ | ३२०७ | २५०२ | ५३५ | २१८ | ३२९७ | १६४१२ |

| क्षतिको विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | कुल |
|---|---|---|---|---|---|---|---|---|
| अन्य भौतिक सम्पत्तिमा भएको क्षति रकम (रू लाख) | २२६५ | २२७७ | २९०६ | १५६५ | ४३५ | ३१२ | १७०१ | ११४६० |
| मूल्यवान वस्तुमा भएको क्षति रकम (रू लाख) | ० | ३७ | २ | ५ | १३ | २४ | ० | ८१ |
| अस्थायी प्रकृतिको सम्पत्तिमा भएको क्षति रकम (रू लाख) | ७८ | १७९ | २९ | १६६ | १५ | ० | ९९ | ५६६ |
| सरकारी परिसरमा क्षति भएको निजी सम्पत्ति (रू लाख) | ४० | २३५ | ३७५ | ४९० | २४० | ५० | ४६ | १४७७ |
| कुल क्षति रकम (रू लाख) | ८६५८ | ८२८८ | ११९८३ | ७१९८ | १६६२ | ७८७ | ७०८२ | ४५६६० |

*नोटः प्रदेश सरकार (संस्थान सहित) को मात्र*

प्रदेशभित्रका स्थानीय तहमा भएको समग्र क्षतिको अनुमानित तथ्याङ्कको विश्लेषण गर्दा बागमती, कोशी र मधेश प्रदेश भित्रका स्थानीय तहहरू प्रमुख रूपमा प्रभावित रहेका छन्। बागमती प्रदेश भित्रका स्थानीय तहले कुल क्षति रकमको २५ प्रतिशत (रू. २ अर्ब ५३ करोड ४३ लाख), कोशी भित्रका स्थानीय तहले २९ प्रतिशत (रू. २ अर्ब ८४ करोड ७९ लाख) र मधेशमा रहेका स्थानीय तहले १९ प्रतिशत (रू. १ अर्ब ९१ करोड ३५ लाख) अंश ओगटेका छन्। भवनको क्षति रकम, सवारी साधन, अन्य भौतिक सम्पत्ति तथा सरकारी परिसरभित्रका निजी सम्पत्तिमा पनि यिनै तीन प्रदेश भित्रका स्थानीय तहहरुको अंश अधिक रहेको छ। गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय तहहरूमा क्षतिको परिमाण तुलनात्मक रुपमा केहि न्यून देखिए पनि कुल क्षति रकममा ती प्रदेशको संयुक्त अशं २५ प्रतिशत रहेको छ। कर्णाली

प्रदेश भित्रका स्थानीय तहहरू न्यून क्षति सहित (२ प्रतिशत) सबैभन्दा कम प्रभावित रहेका छन्।

## तालिका ३.६: प्रदेशभित्रका स्थानीय तहमा भएको समग्र क्षति विवरण

| क्षतिको विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | कुल |
|---|---|---|---|---|---|---|---|---|
| संस्था/निकायको संख्या | १५१ | ८५ | १२९ | ४१ | ७२ | १५ | ६४ | ५५७ |
| क्षतिग्रस्त भवन संख्या | १९७ | १२७ | १५५ | ४१ | १०८ | १४ | ६३ | ७०५ |
| भवनमा भएको क्षति रकम (रू लाख) | १६,०८९ | ६,१८७ | १३,४५९ | ३,६७३ | ४,५८७ | ८३२ | १,८५६ | ४६,६८३ |
| क्षतिग्रस्त सवारी साधन संख्या | ५६८ | ४३२ | ४५० | २५२ | १९९ | ४० | १९२ | २,१३३ |
| सवारी साधनमा भएको क्षति रकम (रू लाख) | ३,६१६ | ५,१४७ | ४,३३८ | १,१२८ | २,७६७ | १५१ | ६८० | १७,८२७ |
| अन्यस्थायी सम्पत्तिमा भएको क्षति रकम (रू लाख) | ७,९२७ | ५,९३२ | ५,५३६ | १,१३७ | ३,१४३ | ४२९ | २,४८५ | २६,५८९ |
| मूल्यवान वस्तुमा भएको क्षति रकम (रू लाख) | २६ | २२७ | ११८ | ६ | १५ | ३६ | ३९ | ४६६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अस्थायी प्रकृतिको सम्पत्तिमा भएको क्षति रकम (रू लाख) | ६६१ | ६४९ | १५८ | ३१ | ३६५ | १५ | १९० | २,०६८ |
| सरकारी परिसरमा क्षति भएको निजी सम्पत्ति (रू लाख) | १६० | ९९३ | १,७३४ | ४१ | १,३०५ | १८३ | १०१ | ४,५१८ |
| कुल क्षति रकम (रू लाख) | २८,४७९ | १९,१३५ | २५,३४३ | ६,०१६ | १२,१८२ | १,६४६ | ५,३५१ | ९८,१५१ |

*नोटः स्थानीय सरकारको मात्र*

## ३.२ भवनमा भएको क्षति

आन्दोलनका क्रममा सरकारी, निजी तथा सामुदायिक स्वामित्व वा भोगचलनमा रहेका स्थायी र अस्थायी प्रकृतिका भवन एवम् संरचनामा बढी क्षति भएको देखिन्छ । राष्ट्रपति कार्यालय, संघीय संसद भवन, केन्द्रीय सचिवालय सिंहदरबार, सर्वोच्च अदातल र अन्य अदालतहरू, संवैधानिक आयोग\निकाय, मन्त्रालय र मातहतमा रहेका निकाय, प्रदेश सरकार मातहतका मन्त्रालय/निकाय लगायत स्थानीय तह र सुरक्षा निकायसम्वद्ध सरकारी भवनहरू, निजी आवासीय भवन, राजनीतिक दलका कार्यालय, व्यावसायिक प्रतिष्ठानका भवन तथा संरचना, सामुदायिक तथा गैरसरकारी क्षेत्रको स्वामित्व र प्रयोगमा रहेका भवनमा कुल रू. ३९ अर्ब ३१ करोड ७५ लाख (कुल भौतिक क्षति रकमको ४६.६ प्रतिशत) रकमको क्षति पुगेको देखिन्छ।

### (क) भवनको प्रकृति अनुसार क्षति विवरण

भवनको निर्माण भएको अवधि र तला संख्या अनुसार क्षतिको विवरणको विश्लेषण गर्दा कुल क्षतिग्रस्त भवनमध्ये ४६ प्रतिशत भवन १० वर्ष भित्र निर्माण भएका, ४८ प्रतिशत

भवन १० देखि ४९ वर्ष भित्र निर्माण भएका र ६ प्रतिशत भवन ५० वर्षभन्दा पुराना रहेका छन्। पुराना संरचना मात्र नभई पछिल्ला दशकहरूमा निर्माण भएका भवनहरू समेत क्षति भएको देखिन्छ। कुल क्षतिमा सरकारी भवनको अंश ८० प्रतिशत रहेको छ। तला संख्याको आधारमा हेर्दा १ देखि ३ तलासम्मका भवनहरू सबैभन्दा धेरै क्षति भएका छन्।

**तालिका ३.७: घर वा भवनको निर्माण भएको अवधि र तला संख्या अनुसार क्षतिको विवरण**

| भवनको भोगचलन | निर्माण भएको अवधि अनुसार संख्या | | | | तला संख्या अनुसार भवनको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १० वर्ष भन्दा कम | १० देखि ४९ वर्ष | ५० वर्ष वा सो भन्दा भन्दा माथि | जम्मा | १ तला | २-३ तला | ४-५ तला | ५ तला माथि | जम्मा |
| सरकारी | १,०११ | ९९१ | १३२ | २,१३४ | ९४७ | १,०४१ | १२७ | १९ | २,१३४ |
| निजी | १८७ | २३० | २० | ४३७ | १२८ | २०५ | ६० | ४४ | ४३७ |
| सहकारी/ सामुदायिक वा अन्य भवन | ३५ | ६३ | २ | १०० | ३७ | ४३ | १२ | ८ | १०० |
| कुल | १,२३३ | १,२८४ | १५४ | २,६७१ | १,११२ | १,२८९ | १९९ | ७१ | २,६७१ |

### (ख) क्षतिको प्रकार र स्वामित्त्वको आधारमा क्षति भएका भवन

तालिका ३.८ मा संघ, प्रदेश र स्थानीय तहका सरकारी भवन तथा निजी तथा सामुदायिक भवनमा भएको क्षतिको स्वामित्व र प्रकृति अनुसारको विवरण प्रस्तुत गरिएको छ। आन्दोलनको क्रममा कुल २,६७१ क्षतिग्रस्त भवनमध्ये पूर्ण क्षति ६३८ (२४ प्रतिशत), आंशिक क्षति १४५७ (५५ प्रतिशत) र सामान्य क्षति ५७६ (२१ प्रतिशत) रहेको छ। पूर्ण क्षति मध्ये संघ तर्फ सबैभन्दा बढी (४६ प्रतिशत) भवन

क्षति भएको देखिन्छ भने प्रदेशतर्फ सबै भन्दा कम (१०.८ प्रतिशत) प्रदेश तर्फ रहेको देखिन्छ। स्थानीय तह र निजी/सामुदायिक भवनमा पनि उल्लेख्य रुपमा क्षति भएको देखिन्छ। कुल क्षति मध्ये निजी तथा सामुदायिक भवन ५३७ (२०.१ प्रतिशत) रहेको देखिन्छ। स्वामित्त्वको आधारमा क्षतिग्रस्त भवन मध्ये ८४.६ प्रतिशत भवन आफ्नै स्वामित्वमा, भाडामा ६.६ प्रतिशत र ८.७ प्रतिशत अन्यको स्वामित्त्वमा रहेको छ।

**तालिका ३.८: क्षतिको प्रकार र स्वामित्त्वको आधारमा क्षति भएका भवनको संख्या**

| विवरण | क्षति भएका भवन | | | कुल | स्वामित्त्व | | |
|---|---|---|---|---|---|---|---|
| | पूर्ण | आंशिक | सामान्य | | आफ्नै | भाडामा | अन्य |
| संघ | २९४ | ६३४ | १९२ | १,१२० | ९४७ | ४२ | १३१ |
| प्रदेश | ६९ | १६१ | ७९ | ३०९ | २१४ | २२ | ७३ |
| स्थानीय तह | ११७ | ३८६ | २०२ | ७०५ | ६७० | १८ | १७ |
| निजी तथा सामुदायिक | १५८ | २७६ | १०३ | ५३७ | ४३० | ९४ | १३ |
| कुल | ६३८ | १,४५७ | ५७६ | २,६७१ | २,२६१ | १७६ | २३४ |

### (ग) क्षतिको रकमको आधारमा क्षति भएका भवन

तालिका ३.९ मा क्षति रकमको आधारमा क्षति भएका भवनको संख्यात्मक विवरण प्रस्तुत गरिएको छ । मूल्यको आधारमा कुल २,६७१ भवन मध्ये रू. १ लाखदेखि रू.१० लाख मूल्यसम्मका भवन ३४ प्रतिशत (९२१ वटा), रू. १० लाखदेखि रू. १ करोडसम्मका भवन ४२ प्रतिशत (१,११४ वटा), रू. १ करोडदेखि रू. १० करोडसम्मका १२ प्रतिशत (३१२ वटा) र रू.१० करोडभन्दा बढी मूल्यका २ प्रतिशत (५७ वटा) भवनमा क्षति पुगेको देखिन्छ। निजी तथा सामुदायिक भवनहरूमा रू.१० लाखदेखि रू. १ करोडसम्मका भवनको क्षति ४२ प्रतिशत र रू. १ करोडभन्दा माथिको क्षति २२ प्रतिशत रहेको देखिन्छ। समग्रमा कम मूल्यका भवनहरु कम क्षति र बढी मूल्य भएका भवनहरुमा बढी क्षति भएको देखिन्छ।

**तालिका ३.९: क्षति रकमको आधारमा क्षति भएका भवनको संख्या**

| विवरण | १ लाख भन्दा कम | १ लाख देखि १० लाखसम्म | १० लाख देखि १ करोडसम्म | १ करोड देखि १० करोडसम्म | १० करोड भन्दा माथि | उल्लेख नगरिए को | कुल |
|---|---|---|---|---|---|---|---|
| संघ | १०५ | ४४८ | ३९६ | १३२ | १४ | २५ | १,१२० |
| प्रदेश | ३७ | ९७ | १३० | ३७ | २ | ६ | ३०९ |
| स्थानीय तह | ४३ | २३१ | ३६२ | ५८ | ९ | २ | ७०५ |
| निजी तथा सामुदायिक | १९ | १४५ | २२६ | ८५ | ३२ | ३० | ५३७ |
| कुल | २०४ | ९२१ | १,११४ | ३१२ | ५७ | ६३ | २,६७१ |

### (ङ) क्षति भएका भवनको बिमा तथा दावीको अवस्था

क्षति भएका २६७१ भवन मध्ये जम्मा १३० भवन (४.९ प्रतिशत) भवनको मात्र बीमा भएको देखिन्छ। बिमा गरिएका क्षतिग्रस्त १३० भवन मध्ये सरकारी भवन १९ र निजी भवन १११ रहेको देखिन्छ। बिमाको दावीमा कुल १२१ भवन (प्रक्रियामा ११२, मूल्यांकन नभएको ६, सम्पन्न ३) रहेका छन् ।

**तालिका ३.१२: बिमाको अवस्था तथा दावीको आधारमा क्षति भएका भवनको संख्या**

| विवरण | बिमाको अवस्था | | | बिमांक रकम (रू. लाखमा) | बिमाको दावी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भएको | नभएको | कुल | | प्रक्रियामा | मूल्यांकन नभएको | सम्पन्न | शुरु नभएको |
| संघ | १७ | १,१०३ | १,१२० | ६६२४ | १७ | | | |
| प्रदेश | | ३०९ | ३०९ | ० | | | | |
| स्थानीय तह | २ | ७०३ | ७०५ | १५० | १ | | | १ |
| निजी तथा | १११ | ४२६ | ५३७ | ३४२७९६ | ९४ | ६ | ३ | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | | | | | | | | |
| कुल | १३० | २,५४१ | २,६७१ | ३४९५७० | ११२ | ६ | ३ | ९ |

**च) मर्मत कार्य र सेवा सुचारूको आधारमा क्षति भएका भवनको विवरणः**

कुल २,६७१ क्षतिग्रस्त भवनमध्ये ९०६ (३३.९ प्रतिशत) भवन मर्मत कार्य सुरु गरिएको र ४९६ (१८.५ प्रतिशत) भवन मर्मत कार्य सम्पन्न भएको देखिन्छ। १,२६९ (४८ प्रतिशत) भवनको मर्मत कार्य सुरु भएको देखिएन। सेवा सुचारूको अवस्था हेर्दा पूर्ण सुचारु भएका भवन ८९६ वटा, आंशिक सुचारु भएका ९९८ वटा र सुचारु नभएका ७७७ वटा रहेको देखिन्छ। तथ्याङ्क अनुसार करिब ३५ प्रतिशत भवन अझै पनि पूर्ण रुपमा सञ्चालनमा ल्याउन नसकिएको देखिन्छ।

**तालिका ३.१०ः मर्मत कार्य र सेवा सुचारूको आधारमा क्षति भएका भवनको संख्या**

| विवरण | मर्मत कार्य | | | सेवा सुचारुको अवस्था | | |
|---|---|---|---|---|---|---|
| | शुरु नभएको | शुरु भएको | सम्पन्न | पूर्ण सुचारु | आंशिक | सुचारु नभएको |
| संघ | ४१९ | ४३५ | २६६ | ४८१ | ४१० | २२९ |
| प्रदेश | १९८ | ७५ | ३६ | ९८ | ११९ | ९२ |
| स्थानीय तह | ४२७ | १७८ | १०० | २०१ | ३०४ | २०० |
| निजी तथा सामुदायिक | २२५ | २१८ | ९४ | ११६ | १६५ | २५६ |
| कुल | १,२६९ | ९०६ | ४९६ | ८९६ | ९९८ | ७७७ |

**(छ) भवनमा भएको क्षतिको कारण र क्षति रकमको विवरण**

कुल क्षति पुगेका २६७१ भवन मध्ये आगलागी र तोडफोड दुवै कारणबाट १८७५ वटा भवन क्षति भएको देखिन्छ । यसैगरी आगलागीबाट मात्रै १८८ भवन र तोडफोडबाट मात्रै ६०८ भवन क्षति भएको देखिन्छ। यसबाट भवनतर्फ रू. ३९ अर्ब ३१ करोड ७५ लाख क्षति भएको देखिन्छ। कुल क्षति मध्ये सरकारी भवनको अंश ५१.१ प्रतिशत (रू. २० अर्ब ०९ करोड २ लाख), निजी भवनहरूको अंश ३८.९

प्रतिशत (रू. १५ अर्ब २८ करोड ७३ लाख) र सामुदायिक तथा अन्य भवनको अंश १० प्रतिशत (रू. ३ अर्ब ९४ करोड) रहेको देखिन्छ।

**तालिका ३.१३: भवनमा भएको क्षतिको कारण अनुसारको विवरण**

| भवनको भोगचलन | क्षतिको कारणअनुसार क्षति संख्या | | | | क्षति रकम (रू. लाखमा) |
|---|---|---|---|---|---|
| | आगजनी | तोडफोड | आगजनी र तोडफोड | कुल | |
| सरकारी निकाय | १५४ | ५०४ | १,४७६ | २,१३४ | २००९०२ |
| निजी भवन | ८ | ५३ | २४३ | ३०४ | १५२८७३ |
| सहकारी/ सामुदायिक वा अन्य भवन | २६ | ५१ | १५६ | २३३ | ३९४०० |
| कुल | १८८ | ६०८ | १,८७५ | २,६७१ | ३९३१७५ |

### ३.३ सवारी साधनमा भएको क्षतिः

क्षति भएका कुल १२,६५९ सवारी साधन मध्ये ९,७२७ (७६.८ प्रतिशत) चालु अवस्थामा रहेका र २,९३२ (२३.२ प्रतिशत) चालु अवस्थामा नरहेको देखिन्छ। क्षति भएका सवारी साधन मध्ये ७४.७ प्रतिशत पूर्ण क्षति, १०.५ प्रतिशत आंशिक क्षति र १४.८ प्रतिशत सामान्य क्षति रहेको देखिन्छ । कुल क्षति रकम रू. १२ अर्ब ९३ करोड ६१ लाखमध्ये सबैभन्दा धेरै क्षति कार/जीप/भ्यान/ समूहमा ७२ प्रतिशत र मोटरसाइकल समूहमा ११ प्रतिशत देखिन्छ । हेभी उपकरण र हेभी सवारी साधनको क्षति रकम तुलनात्मक रूपमा कम भए पनि प्रति—इकाइ क्षति उच्च रहेको देखिन्छ । जम्मा २८०५ बीमा भएको सवारी साधनमा बीमा दाबी रकम रू. ३ अर्ब ८८ करोड ३९ लाख रहेको देखिन्छ। विशेषगरी कार/जीप/भ्यान र मोटरसाइकलको बिमा भएको देखिन्छ ।

## तालिका ३.१४: सवारी साधनको क्षतिको विवरण

| विवरण | क्षति हुनु पहिलेको अवस्था | | क्षतिको | | | कुल क्षति रकम (रू.लाख मा) | बीमा भएको सवारी साधन सङ्ख्या | बीमा रकम (रू.लाख मा) |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | क्षतिको अनुमानित रकम (रू. लाखमा) | | | कुल रकम (रू. लाखमा) |
|---|---|---|---|---|
| | आगजनी | तोडफोड | चोरी | |
| नगद | २२३ | १६३१ | १५१६ | ३३७० |
| सुन, चाँदी, हिरा, मोती | | | | |
| अन्य बहुमूल्य वस्तु | १५२८ | २ | ९३ | १६२३ |
| कुल | १७५१ | १६३३ | १६०८ | ४९९३ |

# परिच्छेद ५

## उत्पादन, सेवा र रोजगारीमा परेको असर

### ५.१ उत्पादन र सेवा क्षेत्रमा परेको असर

### ५.१.१ निजी तथा सामुदायिक क्षेत्रमा वस्तु तथा सेवा उत्पादनमा परेको प्रभाव

आन्दोलनका कारण वस्तु तथा सेवा उत्पादनमा परेको नोक्सानी कुल रू. १३ अर्ब ८७ करोड ५६ लाख रहेको छ। कुल नोक्सानीमा मुख्यतः निजी प्रतिष्ठानको अंश सबैभन्दा बढी (९८.६ प्रतिशत) रहेको देखिन्छ। घरपरिवार तर्फ १.४ प्रतिशत नोक्सानी भएको देखिन्छ। समग्र रूपमा कुल ११७ मध्ये ४९ वटा (४२ प्रतिशत) निजी प्रतिष्ठानका उत्पादन बन्द भएका छन्।

**तालिका ५.१: वस्तु तथा सेवा उत्पादनमा परेको नोक्सान**

| क्षेत्र | प्रभावितको सङ्ख्या | वस्तु तथा सेवा उत्पादनमा परेको प्रभाव | | | वस्तु तथा सेवा उत्पादनमा अनुमानित नोक्सान | |
|---|---|---|---|---|---|---|
| | | आंशिक | पूर्ण प्रभाव पश्चात हाल संचालन | उत्पादन पूर्ण रुपमा बन्द | नोक्सान प्रतिशत (वार्षिक उत्पादनको) | रकम (रू. लाखमा) |
| निजी प्रतिष्ठान | ८० | १९ | १९ | ४२ | | १३६९१४ |
| घरपरिवार | १७ | ६ | ८ | ३ | | १८३७ |
| सामुदायिक क्षेत्र | २० | ७ | ९ | ४ | | ५ |
| कुल | ११७ | ३२ | ३६ | ४९ | | १३८७५६ |

### ५.१.२ उत्पादन/सेवा क्षेत्रअनुसार नोक्सानी

कुल ५१९ प्रभावित संस्था मध्ये ११७ (२२.५ प्रतिशत) संस्थाको उत्पादन/सेवामा प्रभाव परेको देखिन्छ। क्षेत्रगत रूपमा होटल तथा रेष्टुरेन्ट र सामान्य व्यापार (मोटर/मोटरसाइकल बाहेक) सँग सम्वद्ध निजी प्रतिष्ठानले कुल नोक्सानीको ७४ प्रतिशत व्यहोरेको देखिन्छ।

**तालिका ५.२: प्रभावित मध्ये उत्पादन/सेवा क्षेत्रअनुसार नोक्सानीको विवरण**

| निकाय तथा व्यवसायिक संस्था | उत्पादन/सेवा क्षेत्रमा प्रभाव | | | प्रभावित मध्येको उत्पादनको अवस्था | | | क्षतिबाट अनुमानित नोक्सान (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | रहेको | नरहेको | जम्मा सङ्ख्या | आंशिक प्रभाव | पूर्ण रुपमा बन्द | पुन-संचालन | |
| निजी आवास | १७ | २४३ | २६० | ६ | ८ | ३ | १८३७ |
| सरकारी निकाय | ३८ | २९ | ६७ | ७ | ९ | ४ | १४४७ |
| होटेल तथा रेष्टुरेन्ट | १८ | ५ | २३ | २ | ८ | ८ | ५०८७४ |
| व्यापार (मोटर तथा मोटरसाइकल बाहेक) | २९ | ८ | ३७ | १२ | ४ | १३ | ५१५९३ |
| व्यापार (मोटर तथा मोटरसाइकल) | ३ | ३ | ६ | १ | १ | १ | १६३५० |
| उद्योग प्रतिष्ठान | १३ | ६ | १९ | १ | | १२ | १२४०२ |
| निजी | ६ | ३ | ९ | | २ | ४ | २७५५ |
| गैर सरकारी | ३ | १३ | १६ | | १ | २ | ५ |

| निकाय तथा व्यवसायिक संस्था | उत्पादन/सेवा क्षेत्रमा प्रभाव | | | प्रभावित मध्येको उत्पादनको अवस्था | | | क्षतिबाट अनुमानित नोक्सान (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | रहेको | नरहेको | जम्मा सङ्ख्या | आंशिक प्रभाव | पूर्ण रुपमा बन्द | पुन-संचालन | |
| संस्था | | | | | | | |
| नागरिक समाज | | ७ | ७ | | | | ० |
| अन्य | ८ | ९० | ९८ | ३ | ३ | २ | १४९२ |
| कुल | ११७ | ४०२ | ५१९ | ३२ | ३६ | ४९ | १३८७५६ |

## ५.२ रोजगारीमा परेको असर

प्रस्तुत तालिकामा आन्दोलनको कारण रोजगारीमा परेको असरलाई चित्रित गरिएको छ। आन्दोलनको कारण कुल ४३ निजी प्रतिष्ठानमा कार्यरत ४८५४ मध्ये २९९९ (६१.७ प्रतिशत) व्यक्तिहरूको रोजगारीमा प्रत्यक्ष असर परेको देखिन्छ। रोजगारी गुमाउने कुल व्यक्ति मध्ये १७९० जना पुरुष र १२०९ जना महिला रहेको देखिन्छ। पुर्ण रूपमा रोजगारी गुमाउनेको संख्या २३५३ रहेको छ भने आंशिक रूपमा रोजगारी गुमाउनेको संख्या ६४६ रहेको देखिन्छ। पूर्ण रोजगारी गुमाउने पुरुष र महिलाको संख्या क्रमशः ६१.५ प्रतिशत र ३८.५ प्रतिशत रहेको छ भने आंशिक रूपमा रोजगारी गुमाउने पुरुष र महिलाको संख्या क्रमशः ५३.३ प्रतिशत र ४६.७ प्रतिशत रहेको छ।

**तालिका ५.३: रोजगारी गुमाउने व्यक्तिको विवरण**

| रोजगारी गुमेको अवस्था | रोजगारी गुमाउनेको संख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| पूर्ण रूपमा गुमेको | १,४४६ | ९०७ | २,३५३ |
| आंशिक रूपमा गुमेको | ३४४ | ३०२ | ६४६ |
| कुल | १,७९० | १,२०९ | २,९९९ |

# परिच्छेद ६

## सारभूत तथ्य तथा सुझावहरु

### ६.१ सारभुत तथ्य

२०८२ साल भदौ २३ र २४ गतेको अन्दोलनबाट समग्र सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा उल्लेख असर पारेको देखिन्छ । संकलित तथ्याङ्कको आधारमा आन्दोलनमा भएको क्षतिको सारभूत तथ्यलाई देहाय बमोजिम उल्लेख गरिएको छः

१. आन्दोलनका घटनाहरूमा ७७ जनाको मृत्यु भएको तथ्याङ्क छ, जसमा ७३ पुरुष र ४ महिला परेका छन्, त्यस्तै घाइतेको संख्या २,४२९ पुगेको छ, जसमा १,४३३ जना युवावर्गका छन् तथा उमेरगत रूपमा १३ देखी २८ वर्ष उमेर समुहका युवावर्ग सबैभन्दा धेरै प्रभावित भएको देखिन्छ। मानवीय क्षतिले हजारौं परिवारमा आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक असर परेको छ।

२. भौतिक संरचनामा पनि उल्लेख्य क्षति भएको देखिन्छ, कुल रू. ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको नोक्सानी अनुमान गरिएको छ, जुन देशको कुल गार्हस्थ्य उत्पादनको १.४ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४.३ प्रतिशत बराबर हुन आउँछ। साथै उत्पादन तथा सेवा प्रवाह अवरुद्धबाट हुने अतिरिक्त नोक्सानी यसमा समावेश नभएकाले वास्तविक प्रभाव अझ ठूलो रहेको बुझ्न सकिन्छ।

३. आन्दोलनको क्रममा कुल २,१६८ संस्था तथा निकाय प्रभावित भएका छन् र २,६७१ भवन क्षतिग्रस्त भएका छन्, जसमा रू. ३९ अर्ब ३१ करोड ७५ लाखको भवनमा क्षति भएको छ र क्षति भएका भवन मध्ये ५३ प्रतिशत अंश सार्वजनिक क्षेत्रमा परेको छ।

४. सवारी साधनमा रू. १२ अर्ब ९३ करोड ६१ लाखको क्षति भएको छ, जसमा १२,६५९ सवारी साधन प्रभावित छन्। अन्य भौतिक सम्पत्तिमा रू. २० अर्ब ३६ करोड ४० लाख, मूल्यवान वस्तुमा रू. २ अर्ब ८१

करोड ३४ लाख र अस्थायी सम्पत्तिमा रू. ७ अर्ब १ करोड ३४ लाखको क्षति भएको छ।

५. आन्दोलनबाट मुलक भरीका ७ प्रदेश, ५४ जिल्ला र २६२ वटा स्थानीय तहमा क्षति भएको देखिन्छ। प्रदेशगत रुपमा बागमती प्रदेश सबैभन्दा बढी प्रभावित छ, जसले कुल क्षतिको ६७ प्रतिशत ओगटेको छ भने सबै भन्दा थोरै क्षति कर्णाली प्रदेशमा भएको देखिन्छ।

६. सार्वजनिक क्षेत्रले कुल क्षति रकमको ५३ प्रतिशत (रू. ४४ अर्ब ९३ करोड ७४ लाख) ओगटेको छ। त्यस्तै निजी क्षेत्रले कुल क्षति रकमको ४० प्रतिशत (रू. ३३ अर्ब ५४ करोड ८७ लाख) र सामुदायिक तथा अन्य क्षेत्रले ७ प्रतिशत (रू. ५ अर्ब ९७ करोड १७ लाख) क्षति व्यहोरेको देखिन्छ।

७. निजी आवास, व्यवसायिक प्रतिष्ठान, होटल—रेस्टुरेन्ट, उद्योग तथा निजी विद्यालयहरूमा उल्लेख्य क्षति पुगेको छ। निजी क्षेत्रले कुल क्षतिको ४०% नोक्सानी व्यहोरेको छ, जसले उत्पादन, व्यापार र रोजगारीमा प्रत्यक्ष असर परेको छ।

८. क्षति पुगेका भवन मध्ये ७० प्रतिशत भवनमा आगजनी र तोडफोड दुवै भएको देखिन्छ।

९. क्षति पुगेका कुल २६७१ भवनमध्ये केवल ४.९ प्रतिशत (१३० भवन) को मात्र बिमा रहेको देखिन्छ। त्यस्तै क्षति भएका कुल १२६५९ सवारी साधन मध्ये जम्मा २२.१ प्रतिशत सवारी साधनले मात्र बिमा गरेको देखिन्छ।

१०. उत्पादन, सेवा र रोजगारीमा पनि उल्लेख्य असर परेको छ। आन्दोलनका कारण वस्तु तथा सेवा उत्पादनमा परेको नोक्सानी कुल रू. १३ अर्ब ८७ करोड ५६ लाख (कुल ग्राहस्थ उत्पादन ०.२ प्रतिशत) रहेको छ। निजी प्रतिष्ठानहरूमा उत्पादन तथा सेवा प्रणाली अवरुद्ध हुँदा २९९९ व्यक्तिहरूको रोजगारीमा प्रत्यक्ष असर परेको देखिन्छ।

## ६.२ सुझावहरु

१. क्षतिग्रस्त सार्वजनिक भवन/संरचना पुनर्निर्माण कार्यका लागि ३ वर्षे चरणबद्ध योजना कार्यान्वयन गर्न क्षेत्रगत रणनीति तयार गरी कार्यान्वयन कार्ययोजना तर्जुमा गर्ने।

२. आन्दोलनको क्रममा सरकारी भवन, सवारी साधन, स्थायी/अस्थायी सम्पत्ति तथा बहुमुल्य सम्पत्तिमा ठूलो क्षति भएकाले क्षतिग्रस्त सरकारी संरचनाको पुनर्निर्माणका लागि केन्द्रीय पुनर्निर्माण तथा पुनरोत्थान कोष स्थापना गरी पर्याप्त स्रोतको व्यवस्थापन गर्ने।

३. राष्ट्रपति भवन, सिंहदरवार, सर्वोच्च अदालत, संघीय मन्त्रालय, स्थानीय तहका पूर्ण क्षतिग्रस्त सार्वजनिक भवनलाई उच्च प्राथमिकतामा पुननिर्माण/पुनस्र्थापना गर्नुपर्ने देखिन्छ।

४. आगजनी तथा तोडफोडबाट भविष्यमा क्षति न्यूनीकरण गर्न पुनर्निर्माणमा 'Resilient Design/Structure' को अवधारणा अवलम्बन गरी कम प्रज्वलनशील सामग्री, फायर—अलार्म, स्प्रिंकलर, CCTV, सुरक्षित प्रवेश प्रणालीको प्रयोगलाई अनिवार्य गर्नुपर्ने।

५. अग्नि सुरक्षा सम्वन्धी विद्यमान राष्ट्रिय भवन संहिता(National building Code) लाई समयसापेक्ष परिमार्जन गर्ने।

६. आगलागीबाट क्षतिग्रस्त संरचनाको मूल्याङ्कन गर्न सक्ने विज्ञ जनशक्ति तयार गर्ने।

७. सबै सार्वजनिक निकायले आधारभूत अग्नी नियन्त्रक उपकरण संचालन गर्न सक्ने गरी कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने।

८. धेरै मानिसको जमघट हुने ठुला सरकारी, निजी तथा सार्वजनिक भवनहरुको नियमित रुपमा फायर सेफ्टी अडिटको व्यवस्था गर्ने।

९. सम्पूर्ण सरकारी भवन, सवारी साधन र भौतिक सम्पत्तिको लेखांकन गर्ने तथा क्षतिको जोखिम हस्तान्तरणका लागि अनिवार्य/पूर्ण बिमा प्रणाली लागू गर्ने।

१०. अवरुद्ध प्रशासनिक सेवा सुचारू गर्न ICT, Networking, Communication समेतका उपकरणलाई तुरुन्त प्रतिस्थापन गर्ने।

११. रोजगारी गुमाएकालाई लक्षित गरी 'रोजगारी पुनःस्थापना तथा सीप–विकास कार्यक्रम" लाई प्रभावकारीरुपमा संचालन गर्ने र प्रभावितहरुको सामाजिक सुरक्षा कोषमा आवद्धता सुनिश्चित गर्ने।

१२. पुनर्निर्माणमा तीन वटै सरकारी तह, निजी तथा गैर सरकारी क्षेत्रको सहकार्य, साझेदारी र समन्वय सुदृढ गरी एकीकृत कार्यान्वयन तथा अनुगमन प्रणाली लागू गर्ने।

१३. सरकारी पदाधिकारीलाई सवारी साधन उपलब्ध गराउने सम्बन्धी मौजुदा नीतिमा परिमार्जन गर्ने, क्षतिग्रस्त सवारी साधन प्रतिस्थापनका लागि वार्षिक तथा मध्यमकालीन खर्च संरचनामा बजेट सुनिश्चित गर्ने।

१४. मानवीय क्षति (मृत्युवरण तथा घाइते) भएका परिवारलाई राहत, काउन्सेलिङ, परिचयपत्र तथा सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउने।

१५. आन्दोलनको क्रममा मृत्युवरण गरेका आश्रित परिवारका सदस्यलाई रोजगारी, उद्यमशिलता प्रवर्द्धनका कार्यक्रम संचालन गर्ने।

१६. आन्दोलनको क्रममा घाइते भएकाहरुको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गर्ने, रोजगारी तथा उद्यमशिलताका कार्यक्रम संचालन गर्ने।

१७. निजी क्षेत्र पुनरुत्थानका लागि राहत, सहुलियतका कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने।

१८. आन्दोलनबाट प्रभावित निजी प्रतिष्ठान/सामुदायिक संस्था/घरपरिवार लक्षित पुनर्स्थापना तथा राहत कार्यक्रम लगानीको वातावरण सुधार र निजी क्षेत्रसँग सम्वाद, सहकार्य गर्ने।

१९. आन्दोलनबाट प्रभावित निजी प्रतिष्ठान/सामुदायिक संस्था/घरपरिवार लक्षित पुनर्स्थापना तथा राहत कार्यक्रम संचालन गर्ने।

# परिच्छेद ७

# पुनर्निर्माण योजना

## ७.१ पृष्ठभूमि

माथि परिच्छेद २,३, ४ र ५ मा उल्लेख भएअनुसार आन्दोलनको क्रममा सरकारी तथा सार्वजनिक भवन, सार्वजनिक सम्पत्ति, निजी प्रतिष्ठान, निजी आवास, सामुदायिक तथा अन्य सम्पत्तिमा ठूलो मात्रामा क्षति भएको देखिन्छ। क्षतिग्रस्त भवन तथा संरचनाहरूको पुनर्निर्माण, सवारी साधन तथा अन्य भौतिक सम्पत्ति र कार्यसम्पादन अवरुद्ध भएका प्रणालीहरूको पुनःसञ्चालन गरी सेवा प्रवाह सुचारू गर्न पुनर्निर्माणलाई चरणबद्द रुपमा अगाडि बढाउनु पर्नेछ। यसको लागि सरकार, निजी क्षेत्र, सामुदायिक संघ संस्था, नागरिक समाज लगायतको संलग्नतामा वित्तीय स्रोत परिचालन गर्नुपर्ने हुन्छ। खासगरी तीन तहका सरकारको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेर सार्वजनिक भवन र अन्य संरचनाको पुनर्निर्माण गरी सार्वजनिक सेवालाई निरन्तरता दिनु पर्नेछ भने निजी क्षेत्र र सामुदायिक निकायहरूको उत्पादन तथा सेवा सुचारू गर्न आवश्यक नीतिगत सहजीकरण एवम् सहुलियत प्रदान गर्नु आवश्यक देखिन्छ। यसका लागि सरकारको नेतृत्वदायी भूमिकामा निजी क्षेत्र र अन्य सरोकारवालाको सार्थक सहभागिता अपरिहार्य छ। पुनर्निर्माण कार्य कार्यान्वयनमा संस्थागत, वित्तीय र अन्य विषयमा तयारी गर्नुपर्ने देखिन्छ। क्षतिग्रस्त सार्वजनिक संरचना तथा सम्पत्तिको पुनर्निर्माण गर्दा समयसापेक्ष डिजाइन तथा बहुउपयोगको पक्षलाई समेत मध्यनजर गर्नु पर्नेछ। पुनर्निर्माण सम्बन्धमा देहायअनुसारका सिद्धान्तको आधारमा लगानी तथा वित्तीय रणनीति अवलम्वन गर्नुपर्ने देखिन्छ। यसका लागि मिति २०८२ असोज ०५ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार गठित समितिलाई प्राप्त कार्यादेश अनुसार सार्वजनिक क्षेत्रको पुनर्निर्माण कार्ययोजना, कार्यान्वयनको प्रारुप एवम् अनुगमन तथा मूल्याङ्कनका विषय देहाय अनुसार प्रस्तुत गरिएको छ।

## ७.२ पुनर्निर्माणको सिद्धान्त

नेपालले भूकम्प पछिको वृहत् पुनर्निर्माणमा गरेको सफलता र विगतमा भएका अन्य विपद्का घटनामा गरेको पुनर्निर्माण सम्बन्धी कार्यको असल अभ्यासको सिकाई र

सोको अवलम्वन पुनर्स्थापना र पुनर्निर्माण कार्यमा महत्वपूर्ण हुनेछ । साथै सङ्घीय शासन प्रणालीको अधिकतम उपयोग गर्दै निर्दिष्ट र सहकार्यात्मक ढाँचामा पुनर्निर्माणको कार्य अगाडि बढाउन प्रदेश र स्थानीय सरकारको समेत संलग्नता अपरिहार्य हुन्छ। पुनर्निर्माण योजनाको लागि देहायका मार्गदर्शक सिद्धान्त अवलम्बन गरिएको छ।

- पुनर्निर्माण कार्यमा तीन तहका सरकारी निकायका साथै निजी तथा गैरसरकारी क्षेत्रको समन्वय तथा सहकार्य।
- पुनर्निर्माणमा आन्तरिक स्रोत, साधन र विज्ञताको अधिकतम उपयोग।
- पुनर्निर्माण कार्यमा समानता, सहभागिता र प्राथमिकता।
- सेवाग्राही वा नागरिकमैत्री सार्वजनिक भवन र पूर्वाधार निर्माण।
- विपद् प्रतिरोधी तथा जोखिम न्यूनीकरण सहितको उत्थानशील पूर्वाधार निर्माण।
- सार्वजनिक भवन तथा अन्य सम्पत्तिको जोखिम हस्तान्तरण एवम् बिमा।
- प्रभावित व्यवसाय/उद्यमको पुनरोत्थानको लागि राहत, सहुलियत तथा प्रोत्साहन।

## ७.३ पुनर्निर्माणको रणनीति

### क. पुनर्निर्माणको तत्कालीन रणनीति

१) आन्दोलनको क्रममा सामान्य क्षति भएका भवन/संरचनाको मर्मत गरी सेवा प्रवाह संचालन गर्ने।

२) आन्दोलनको क्रममा आंशिक र सामान्य क्षति भएका सवारी साधनको मर्मत र संचालन गर्ने।

### ख. पुनर्निर्माणको ३ वर्षीय रणनीति

१) आंशिक क्षति भएका सरकारी भवन तथा संरचनाको पुनर्निर्माणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

२) पूर्ण क्षति भएका सरकारी भवन तथा संरचनाको पुनर्निर्माण कार्यलाई तिव्रता दिने।

३) आंशिक र पूर्ण क्षति भएका सरकारी भवन/ संरचनाको पुनर्निर्माणका लागि वित्तिय स्रोतको प्रवन्धलाई प्राथमिकता दिने।

४) अग्नि सुरक्षा सम्वन्धमा संस्थागत सुदृढीकरण गर्ने।

५) पुनर्निर्माण कार्यका लागि तहगत समन्वय, सहजीकरण र सहयोग परिचालन गर्ने।

६) भौतिक सम्पत्ति ह्रासकट्टिको लेखाङ्कन व्यवस्था गर्ने र भौतिक सम्पत्तिको जोखिम हस्तान्तरण तथा पूर्ण बिमा प्रणाली कार्यान्वयन गर्ने।

७) सरकारको आर्थिक दायित्व न्यून हुनेगरी सरकारी सवारी साधन प्रयोगमा दीर्घकालीन समाधानका लागि नीतिगत व्यवस्था गर्ने।

**ग. निजी क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाको रणनीति**

आन्दोलनका क्रममा निजी क्षेत्रका व्यवसायिक प्रतिष्ठानले संरचनात्मक तथा सञ्चालनगत दुवै किसिमका क्षति तथा नोक्सानु व्यहोर्नुपरेको देखिन्छ । यसले आर्थिक गतिविधिमा शिथिलता, रोजगारी, आपूर्ति प्रणाली, लगानीको वातावरण तथा वित्तीय प्रणालीमा नकारात्मक प्रभाव पारेको छ । राष्ट्रिय अर्थतन्त्रको प्रमुख स्तम्भको रूपमा रहेको निजी क्षेत्रको पुनरुत्थान र पुनःनिर्माणलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । प्रभावित प्रतिष्ठानहरूको क्षतिको न्यूनीकरण, संचालन निरन्तरता, श्रमिकको संरक्षण र समग्र आर्थिक क्रियाकलापको पुनर्स्थापना गर्न सरकारले देहायका पक्षमा ध्यान दिई उपयुक्त रणनीति तथा कार्यक्रम अवलम्बन गर्न सुझाव दिइएको छ ।

१. आन्दोलनबाट प्रभावित निजी प्रतिष्ठान/सामुदायिक संस्था/घरपरिवार लक्षित राहत तथा सहुलियत दिने सम्बन्धी नीति अवलम्वन गर्ने।

२. लगानीको वातावरण सुधार र निजी क्षेत्रसँग सम्वाद, सहकार्य मार्फत निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने।

## ७.४ पुनर्निर्माणको लगानीको आवश्यकताको अनुमान विधि

पुनःनिर्माणको लागि आवश्यक लागत अनुमान गर्दा लागत अनुमानमा भवन पुनःनिर्माण, सवारी साधन पुनस्थापना र अन्य भौतिक सम्पत्ति पुनःस्थापनालाई मात्र समावेश गरिएको छ । यस लागत अनुमानमा सरकारी, सार्वजनिक संस्थान र सार्वजनिक भवन वा सम्पत्तिलाई मात्र समावेश गरिएको छ । निजी व्यवसाय, निजी आवास र अन्य

क्षेत्रमा भएको भवनको पुनःनिर्माण, सवारी साधन र अन्य भौतिक सम्पत्तिको पुनःस्थापना सम्बन्धी लागत रकम समावेश गरिएको छैन ।

पुनर्निर्माणको लागत अनुमान गर्दा प्रतिस्थापन मूल्य/लागत तथा पुरातात्त्विक तथा ऐतिहासिक महत्त्वका भवन तथा सरकारी सम्पत्तिको सो अनुसारको लागत गणना गरिएको छैन । भवन वा पूर्वाधारको थप सवल स्वरूप, उपकरण, सम्पत्तिको आधुनिक रूपमा परिचालन, सुधारिएको सेवा प्रवाह र सुशासन तथा जोखिम न्यूनीकरणलाई विशेष ध्यान दिइएको छ ।

**क. भवन पुनःनिर्माण सम्बन्धी लागत अनुमान**

सरकारी, सार्वजनिक संस्थान र सार्वजनिक भवनको पुनःनिर्माणको लागत अनुमान गर्दा क्षतिको मात्रालाई मुख्य आधार लिइएको छ । सो अनुसार पुरातात्त्विक तथा ऐतिहासिक महत्त्वका भवन संरचनाको पुनर्निर्माण वाहेक अन्य पूर्ण क्षति भएका भवनको पुनःनिर्माण गर्न लागत रकमको शत प्रतिशत रकम, आंशिक क्षति भएको भवनको लागि प्रवलीकरण गर्न लागत रकमको ३० प्रतिशत र सामान्य मात्र क्षति भएको भवनको लागि सामान्य मर्मत सम्भार गर्नको लागि लागतको १५ प्रतिशत रकम गणना गरिएको छ । लागत अनुमान गर्दा ३ किसिमका लागत गणनालाई आधार लिइएको छ ।

क) सर्वेक्षकले प्रतिवेदन गरेको पुनःनिर्माण गर्न आवश्यक गर्ने अनुमानित लागत,

ख) भवनको निर्माण गर्दा वा खरिद गर्दा लागेको लागत र सो अनुसार भवनको क्षतिको सघनता अनुसार लाग्ने अनुमानित लागत,

ग) भवनको क्षतिको स्तर, प्लिन्थ क्षेत्रफल र प्रतिवर्गफिटको आधारमा वर्तमान बजार मूल्यको आधारमा गणना गरिएको अनुमानित पुनःनिर्माण लागत ।

घ) लागत गणना गर्दा भवनको प्रकृति अनुसार प्रचलित बजार मूल्य प्रति वर्गफिट रू. ४,५००।– तराई क्षेत्रमा र रू ५,०००।– पहाडी तथा हिमाली क्षेत्र अनुसारको आधार लिइएको छ। यसरी गणना गर्दा भवनको प्रकृति र आकार अनुसार लागत अनुमानको तथ्यपरकता (Consistency) समेत अध्ययन/विश्लेषण गरिएको छ ।

यसरी उल्लेखित ३ प्रकारमा लागत अनुमान विधि अन्तर्गत सर्वेक्षकले अनुमानित पुन:निर्माण लागत अनुसार सर्वेक्षकले प्रतिवेदन गरेको पुन:निर्माण गर्न लाग्ने अनुमानित लागत खुलाएको भएमा माथि (क) बमोजिमको रकम, सो रकम उल्लेख नभएमा भवनको निर्माण गर्दा वा खरिद गर्दा लागेको लागत र सो को स्रोतको मात्रा अनुसार माथि (ख) बमोजिमको लागत रकम र सो समेत नखुलेको अवस्थामा क्षतिग्रस्त संरचनाको प्लिन्थ क्षेत्रफल, तला संख्या र क्षतिको मात्राको आधारमा गणना गरिएको माथि (ग) बमोजिमको रकम लिइएको छ । उल्लेखित अनुमानित लागत क्षतिग्रस्त भवनको विस्तृत क्षति मूल्याङ्कन तथा इन्जिनियरिङ्ग डिजाइन अनुसार फरक पर्न सक्नेछ।

**ख. सवारी साधनको पुनर्स्थापना**

सवारी साधनको मर्मत सम्भार तथा खरिद सम्बन्धी पुनर्स्थापना कार्यमा सरकारी तथा सार्वजनिक संस्थानको सवारी साधन मात्र समावेश गरिएको छ । यसमा प्रतिवेदन गरिएका चालु अवस्थामा रहेका सवारी साधनको आधारमा पुनःस्थापना लागत अनुमान गरिएको छ। चालु अवस्थामा नरहेका सवारी साधनलाई समावेश गरिएको छैन । विमाको प्रकृति (दायरा) स्पष्ट नभएको हुँदा बिमा गरिएमा साधनलाई समेत लागत अनुमानमा समावेश गरिएको छ। सम्बन्धित निकायबाट प्राप्त विवरणको आधारमा सम्बन्धित निकायबाट प्रविष्ट गरिएको क्षति विवरणमा उल्लेख गरिएको खरिद रकमलाई सवारी साधनको प्रकृति अनुसार लागत अनुमानको रूपमा लिइएको छ ।सो अनुसार पूर्ण क्षति भएको सवारी साधनको हकमा खरिद वा परल मूल्यको शत प्रतिशत रकम तथा आंशिक क्षति भएको साधनको मर्मत सम्भार गर्नको लागि २० प्रतिशत र सामान्य क्षति भएको सवारी साधनको मर्मत सम्भार गर्नको लागि उल्लेखित लागतको १० प्रतिशत रकम गणना गरिएको छ ।

**ग. अन्य भौतिक सम्पत्ति पुनर्स्थापना**

अन्य भौतिक सम्पत्तिको मर्मत सम्भार तथा खरिद सम्बन्धी पुनर्स्थापना कार्यमा सरकारी तथा सार्वजनिक संस्थानको सम्पत्ति मात्र समावेश गरिएको छ।सो अनुसार सम्बन्धित निकायबाट प्राप्त विवरणको आधारमा प्रविष्ट गरिएको क्षतिग्रस्त स्थायी सम्पत्तिको विवरणमा उल्लेखित खरिद रकमलाई पुनर्स्थापना लागत अनुमानको रूपमा लिइएको

छ। मर्मत सम्भार गर्न सकिने आंशिक वा सामान्य क्षति भएको स्थायी सम्पत्तिको लागि समेत शत प्रतिशत लागत गणना गरिएको छ ।

## ७.५ पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि अनुमानित लागत रकम

### क. सरकारी क्षेत्रको कुल लागत अनुमान

आन्दोलनबाट क्षतिग्रस्त सरकारी भवन संरचना, सवारी साधन र अन्य भौतिक सम्पत्ति र प्रणालीहरूको पुनर्निर्माण, पुनर्स्थापना, पुनःसञ्चालनका लागि प्रचलित मूल्यमा कुल रू ३६ अर्ब ३० करोड २१ लाख लागत वा खर्च लाग्ने देखिन्छ। यस मध्ये क्षतिग्रस्त भवन/संरचना पुनर्निर्माणका लागि अनुमानित रू. १९ अर्ब ९८ करोड ९८ लाख रकम आवश्यक पर्ने अनुमान छ। सवारी साधन मर्मत वा खरिदका लागि रू. ६ अर्ब १६ करोड ८० लाख र अन्य भौतिक सम्पत्ति पुनःस्थापनाका लागि रू. १० अर्ब १४ करोड ४२ लाख खर्च गर्नुपर्ने देखिन्छ।

**तालिका ७.१ : सरकारी क्षेत्रको पुनर्निर्माण तथा पुनःस्थापनाको अनुमानित लागत**

| विवरण | अनुमानित लागत रकम (रू. लाखमा) | | | |
|---|---|---|---|---|
| | संघ | प्रदेश | स्थानीय तह | कुल |
| भवन/ संरचना पुनर्निर्माण | १४०,८५९.३३ | १५,७४५.६९ | ४३,२९३.०८ | १९९,८९८.१० |
| सवारी साधन पुनःस्थापना | ४०८४३.१०२ | १०३६२.१६०६८ | १०४७५.६११९१ | ६१,६८०.८७ |
| अन्य भौतिक सम्पत्ति पुनःस्थापना | ६५,२५६.५३ | ११,३२२.४२ | २४,८६३.२७ | १०१,४४२.२३ |
| कुल | २४६,९५८.९७ | ३७,४३०.२७ | ७८,६३१.९६ | ३६३,०२१.२० |

## ख. सरकारी क्षेत्रको भवनको अनुमानित लागत

सरकारी वा सार्वजनिक क्षेत्रका भवन संरचनाहरूको पुनर्निर्माण तथा पुन:स्थापनाका लागि प्रचलित मूल्यमा रू. १९ अर्ब ९८ करोड ९८ लाख लागत वा खर्च लाग्ने देखिन्छ। यस मध्ये संघीय निकायहरूका लागि रू. १३ अर्ब ६८ करोड १८ लाख, प्रदेश सरकारका निकायहरूका लागि कुल रू. १ अर्ब ५७ करोड ४५ लाख, स्थानीय तहका लागि रू. ४ अर्ब ३२ करोड ९३ लाख र सार्वजनिक संस्थान तथा सामुदायिक संस्थाका लागि रू. ४० करोड ४१ लाख खर्च गर्नुपर्ने अनुमान छ।

**तालिका ७.२ : सार्वजनिक क्षेत्रका भवनको पुनर्निर्माणको अनुमानित लागत**

| तह | अनुमानित लागत रकम (रू. लाखमा) |
|---|---|
| संघ | १३६,८१८.३३ |
| प्रदेश | १५,७४५.६९ |
| स्थानीय तह | ४३,२९३.०८ |
| सार्वजनिक संस्थान् तथा सामुदायिक संस्था | ४,०४१.०० |
| कुल | १९९,८९८.११ |

क्षतिको गहनताको आधारमा भवनको पुननिर्माण लागत देहाय अनुसार रहेको छ। पूर्ण क्षति भएका भवनको लागि रू. ९ अर्ब ६ करोड ४६ लाख, आंशिक क्षति भएको भवनको लागि ९ अर्ब ७८ करोड ३८ लाख र सामान्य क्षतिको भवनको लागि १ अर्ब १४ करोड १३ लाख लाग्ने अनुमान छ।

**तालिका ७.३ : क्षतिको प्रकृति अनुसार सार्वजनिक क्षेत्रका भवनको पुनर्निर्माणको अनुमानित लागत**

| क्षति भएको भवनको प्रकृति | अनुमानित लागत रकम (रू. लाखमा) |
|---|---|
| पूर्ण क्षति | ९०,६४६.०८ |
| आंशिक क्षति | ९७,८३८.२४ |
| सामान्य क्षति | ११,४१३.७८ |
| कुल | १९९,८९८.११ |

संघीय विषयगत मन्त्रालय तथा निकायमा क्षतिको अवस्थाको आधारमा पुननिर्माणको लागि कुल रू. १३ अर्ब ७३ करोड ७७ लाख लाग्ने अनुमान छ। सबैभन्दा धेरै लागत क्रमश: संघीय संसदमा रू. ३ अर्ब १५ करोड, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रू. २ अर्ब २६ करोड ४५ लाख र गृह मन्त्रालय वा अन्तर्गतका रू. १ अर्ब ३३ करोड ८ लाख पुनर्निर्माणमा लाग्ने अनुमान छ।

**तालिका ७.४ : संघीय विषयगत मन्त्रालय तथा निकाय अनुसार सरकारी भवनको अनुमानित पुनर्निर्माण रकम**

| क्र.सं. | निकाय र मातहतका कार्यालय | पुनर्निर्माण गर्दा लाग्ने सक्ने अनुमानित रकम (रू. लाखमा) |
|---|---|---|
| १ | राष्ट्रपति कार्यालय | १२,५१६.०० |
| २ | संघीय संसद | ३१,५००.०० |
| ३ | अदालत | १०,४४६.७५ |
| ४ | संवैधानिक आयोगहरू | ९९३.८९ |
| ५ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २२,६४५.६८ |
| ६ | अर्थ मन्त्रालय | ७,२५५.२७ |
| ७ | उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री | ५२६.३५ |
| ८ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ५६.३० |
| ९ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ६७०.०८ |
| १० | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ८२७.१६ |
| ११ | खानेपानी मन्त्रालय | ४०.०० |
| १२ | गृह मन्त्रालय | १३,३०८.९७ |
| १३ | परराष्ट्र मन्त्रालय | ५.०० |

| क्र.सं. | निकाय र मातहतका कार्यालय | पुनर्निर्माण गर्दा लाग्ने सक्ने अनुमानित रकम (रू. लाखमा) |
|---|---|---|
| १४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ४,०९१.४८ |
| १५ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १,३८८.६२ |
| १६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १.१० |
| १७ | युवा तथा खेलकुद मन्त्रालय | ३.०० |
| १८ | वन तथा वातावरण मन्त्रालय | ४५६.५० |
| १९ | शहरी विकास मन्त्रालय | ६,९९५.९६ |
| २० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १,२०२.२९ |
| २१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १,७२७.४८ |
| २२ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २,३३४.६० |
| २३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ८८५.१७ |
| २४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १९६.१६ |
| २५ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १०,३००.०० |
| २६ | नेपाल प्रहरी | ६,५७१.९० |
| २७ | सशस्त्र प्रहरी बल | ३२९.१५ |
| २८ | राष्ट्रिय अनुसन्धान विभाग | १०२.३० |
| | कुल | १३७,३७७.१८ |

प्रदेश सरकार अन्तर्गतका सरकारी भवनको पुनर्निर्माण स्थापना लागत रू. १ अर्ब ५९ करोड ४८ लाख लाग्ने अनुमान छ। यसमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा रू ५५ करोड र सबैभन्दा कम कर्णाली प्रदेशमा १ करोड ८३ लाख लाग्ने अनुमान छ। उल्लेखित अनुमानित लागत क्षतिग्रस्त भवनको विस्तृत क्षति मूल्याङ्कन तथा इन्जिनियरिङ्ग डिजाइन अनुसार फरक पर्न सक्नेछ।

**तालिका ७.५: प्रदेश सरकारको सरकारी भवन पुनर्निर्माणको अनुमानित लागत**

| प्रदेश | अनुमानित लागत रकम (रू. लाखमा) |
|---|---|
| कोशी | ३,०६४.७८ |
| मधेश | २,३६६.६१ |
| बागमती | ५,५००.७१ |
| गण्डकी | २,४६९.८६ |
| लुम्बिनी | ४२४.०५ |
| कर्णाली | १८३.२७ |
| सुदूरपश्चिम | १,९३९.३६ |
| कुल | १५,९४८.६४ |

### ग. सवारी साधनको पुनर्स्थापनाको लागत अनुमान

सरकारी सवारी साधनको पुनर्स्थापना लागत कुल ६ अर्व १६ करोड ८० लाख अनुमान गरिएको छ । संघ अन्तर्गत रू. ४ अर्ब ८ करोड ४३ लाख, प्रदेश अन्तर्गत रू. १ अर्ब ३ करोड ६२ लाख र स्थानीय तहको सवारी साधन पुनस्थापना गर्न रू. १ अर्ब ४ करोड ७५ लाख लाग्ने अनुमान छ।

**तालिका ७.६: सवारी साधनको पुनःस्थापनाको लागि अनुमानित लागत**

| तह | अनुमानित लागत रकम (रू. लाखमा) |
|---|---|
| संघ | ४०,८४३.१ |
| प्रदेश | १०,३६२.२ |

| तह | अनुमानित लागत रकम (रू. लाखमा) |
|---|---|
| स्थानीय तह | १०,४७५.६ |
| कुल | ६१,६८०.९ |

सवारी साधनको प्रकृति अनुसार भारी उपकरण अन्तर्गत रू. २३ करोड ९३ लाख, भारी यातायात साधनको लागि रू. २९ करोड २९ लाख, कार, भ्यान र जिपको लागि रू. ४ अर्ब ९२ करोड ६२ लाख अनुमान छ।

**तालिका ७.७: सवारी साधनको प्रकृति अनुसार पुनःस्थापनाको लागि अनुमानित लागत रकम रु लाखमा**

| सवारी साधनको प्रकृति | संघ | प्रदेश | स्थानीय तह | कुल |
|---|---|---|---|---|
| भारी उपकरण (डोजर, लोडर, एक्साभेटर, रोलर) | १,०७८.६२ | ०.५० | १,३१४.३५ | २,३९३.४७ |
| भारी यातायात साधन (बस, ट्रक, कन्टेनर, लरी) | १,९१०.९१ | ४१.८२ | ९८७.१३ | २,९३९.८६ |
| मिनी बस / मिनी ट्रक | १८८.३० | १०८.९० | ३५२.४६ | ६४९.६६ |
| कार / भ्यान / जिप / | ३३,२२५.६२ | ८,९८८.५४ | ७,०४८.१९ | ४९,२६२.३५ |
| मोटरसाइकल / स्कुटर | ४,१८४.३१ | १,२१५.४७ | ५६३.१० | ५,९६२.८८ |
| अन्य (टेम्पो, साइकल, आदि) | २५५.३४ | ६.९४ | २१०.३८ | ४७२.६६ |
| कुल | **४०,८४३.१०** | **१०,३६२.१६** | **१०,४७५.६१** | **६१,६८०.८७** |

प्रदेश सरकार अन्तर्गत सवारी साधनको कुल पुनःस्थापना लागत रू. १ अर्ब ३ करोड ६२ लाख लाग्ने अनुमान छ । यसमध्ये सबैभन्दा बढी सुदूर पश्चिम प्रदेशमा रू २३ करोड ६१ लाख र सबैभन्दा कम कर्णाली प्रदेशमा ८९ लाख लाग्ने अनुमान छ ।

**तालिका ७.८: प्रदेश सरकार अनुसार सवारी साधनको पुनःस्थापनाको लागि अनुमानित लागत**

| प्रदेश | अनुमानित लागत रकम (रू. लाखमा) |
|---|---|
| कोशी | २,१०४.६६ |
| मधेश | १,५१०.०५ |
| बागमती | २,११०.४१ |
| गण्डकी | १,७८३.६४ |
| लुम्बिनी | ४०२.८९ |
| कर्णाली | ८८.६७ |
| सुदूरपश्चिम | २,३६१.८५ |
| कुल | १०,३६२.१६ |

**घ. अन्य भौतिक सम्पत्तिको पुनःस्थापनाको लागत अनुमान**

अन्य भौतिक सम्पत्तिको पुनस्थापनाको लगि कुल १० अर्ब १४ करोड ४२ लाख खर्च लाग्ने अनुमान गरिएको छ। संघ अन्तर्गत रू. ६ अर्ब ५२ करोड ५६ लाख, प्रदेश अन्तर्गत रू. १ अर्ब १३ करोड २२ लाख र स्थानीय तहमा पुनस्थापना गर्न रू. २ अर्ब ४८ करोड ६३ लाख लाग्ने अनुमान छ।

**तालिका ७.९ : अन्य भौतिक सम्पत्तिको पुनःस्थापनाको लागि अनुमानित लागत**

| तह | अनुमानित लागत रकम (रू. लाखमा) |
|---|---|
| संघ | ६५,२५६.५३ |
| प्रदेश | ११,३२२.४२ |
| स्थानीय तह | २४,८६३.२७ |
| कुल | १०१,४४२.२२ |

### तालिका ७.१०: अन्य भौतिक सम्पत्तिको प्रकृति अनुसार पुनर्निर्माणका लागि अनुमानित लागत

| विवरण | अनुमानित लागत रकम (रू. लाखमा) |
|---|---|
| फर्निचर र फिक्स्चर | २७,१२८.११ |
| इलेकट्रोनिक्स (कम्प्युटर, प्रिन्टर, सर्भर, फोटोकोपी, टेलिभिजन आदि) | २७,५३२.५८ |
| विद्युतीय सामग्री (पंखा, एयर कन्डिसनर, हीटर, पावर सप्लाइ, बत्ती, स्विचबोर्ड आदि) | ८,५५६.८५ |
| प्रयोगशाला वा प्राविधिक उपकरण | १,१०९.१२ |
| मेकानिकल तथा सम्बन्धित विद्युत उपकरण (लिफ्ट, एलिभेटर, HVAC प्यानल र केबल आदि) | १,१७३.४६ |
| सुरक्षा प्रणाली (CCTV, फायर अलार्म, एक्सेस कन्ट्रोल डेस्क आदि) | ४,५७६.२० |
| आईसीटी तथा नेटवर्किङ | २,४४८.३६ |
| सञ्चार उपकरण (टेलिफोन सेट, वाकी—टकी आदि) | १,०३८.४५ |
| भान्सा तथा क्यान्टिन सामग्री | ८८५.३४ |
| साजसज्जा सम्बन्धी सामग्री (रंग—रोगन, कार्पेट, पर्दा, प्लास्टिक वा काठका सजावटी सामग्री आदि) | १,८४३.१७ |
| अन्य स्थिर प्रकारका भौतिक सामग्री | २१,९२९.९७ |
| अन्य (विद्युत आपूर्तिका उपकरण'ट्रान्सफर्मर, पोल, तार; पानी आपूर्ति प्रणाली'पाइप आदि) | ३,२२०.६१ |
| कुल | १०१,४४२.२३ |

प्रदेश सरकार अन्तर्गत अन्य भौतिक सम्पत्तिको पुनःस्थापना गर्न जम्मा रू. १ अर्ब १३ करोड २२ लाख लाग्ने अनुमान छ । यसमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा रू २८ करोड ९९ लाख र सबैभन्दा कम कर्णाली प्रदेशमा ३ करोड १ लाख लाग्ने अनुमान छ।

**तालिका ७.११: प्रदेश सरकार अनुसार अन्य भौतिक सम्पत्तिको पुनर्निर्माणका लागि अनुमानित लागत**

| प्रदेश | अनुमानित लागत रकम (रू. लाखमा) |
|---|---|
| कोशी | २,१६८.३८ |
| मधेश | २,२६५.९८ |
| बागमती | २,८९९.४१ |
| गण्डकी | १,५५४.१६ |
| लुम्बिनी | ४३२.५१ |
| कर्णाली | ३०१.८३ |
| सुदूरपश्चिम | १,७००.१४ |
| कुल | ११,३२२.४२ |

## ७.६ वित्तीय स्रोत व्यवस्थापन

१. पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आवश्यक बजेट नेपाल सरकारको आन्तरिक श्रोतबाट व्यहोर्ने।

२. क्षतिग्रस्त सरकारी निकायको प्रकृति तथा क्षतिको अवस्थाको आधारमा पुनःनिर्माण कार्यमा स्रोत व्यवस्थापन गर्न देहाय अनुसार प्राथमिकीकरण गर्ने ।

- नागरिकलाई प्रत्यक्ष सेवा प्रदान गर्ने पूर्ण क्षति भएका भवन संरचना: अति उच्च प्राथमिकता
- नागरिकलाई प्रत्यक्ष सेवा दिने आंशिक क्षति भएका भवन संरचना: उच्च प्राथमिकता
- नागरिकलाई अप्रत्यक्ष रूपमा सेवा प्रदान गर्ने पूर्ण क्षति भएका भवन संरचना: मध्यम प्राथमिकता

३. सामान्य क्षति भएका भवन संरचनाको लागि तत्काल पुनर्निर्माण गर्न आवश्यक पर्ने रकम संघ, प्रदेश र स्थानीय तहको चालु आर्थिक वर्षको विनियोजित बजेटबाट नै स्रोत व्यवस्थापन गरी मर्मत सम्भार गर्ने ।

४. सार्वजनिक भवन, संरचना एवम् सम्पत्तिको पुनर्निर्माण तथा पुनःस्थापनाका लागि संघ, प्रदेश र स्थानीय तहमा पुनर्निर्माण कोष परिचालन गर्ने ।

५. पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आवश्यक पर्ने कार्यक्रम संघ, प्रदेश र स्थानीय तहको आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी पुनर्निर्माण कोषबाट पर्याप्त स्रोत परिचालन गर्ने ।

६. पुनर्निर्माण गरिने भवन/संरचना तथा पुनःस्थापना गरिने सेवा/प्रणालीको प्राथमिकीकरण गरी उच्च प्राथमिकता दिनुपर्नेलाई पर्याप्त बजेट उपलव्ध गराउने।

७. एक वर्षमा पुनर्निर्माण तथा पुनःस्थापना हुन नसक्ने संरचना तथा सम्पत्तिको हकमा बहुवर्षीय स्रोत सुनिश्चितता सहित पर्याप्त बजेट विनियोजन गर्ने ।

८. तीन वटै तहको आन्तरिक स्रोतबाट पुनर्निर्माण कार्य सम्पन्न गर्न प्राथमिकता दिने।

९. प्रदेश र स्थानीय तहबाट हुने पुनर्निर्माण कार्यका लागि आन्तरिक स्रोतबाट नपुग हुने रकम नेपाल सरकारबाट हुने वित्त हस्तान्तरणमार्फत र स्थानीय तहका लागि प्रदेशबाट हुने हस्तान्तरणबाट व्यहोर्ने।

१०. तहगत सरकारको सहवित्त वा सहलगानीबाट समेत पुनर्निर्माणको लागि लगानी परिचालन गर्ने।

११. निजी क्षेत्र तथा सामुदायिक निकायको संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि तीनै तहका सरकारबाट आ-आफ्नो वार्षिक कार्यक्रम तथा बजेटमा राहत तथा सहुलियतका कार्यक्रम समावेश गर्ने।

१२. विभिन्न किसिमका प्राकृतिक विपत्ति र अन्य जोखिमबाट सुरक्षण गर्न सबै प्रकृतिका सरकारी भवन तथा सवारी साधनलाई बिमाको दायरामा ल्याउने सम्बन्धमा अध्ययन गरी सम्भाव्यताको आधारमा बजेट स्रोत व्यवस्था गर्ने।

## ७.७ समय सीमा

पुनर्निर्माण कार्य बढीमा ३ वर्षको समय सीमामा रही सम्पन्न गर्ने। तत्काल गर्नुपर्ने कार्य एक वर्ष भित्र र बाँकी कार्यहरू १ देखि ३ वर्षमा कार्यान्वयन गर्ने। यसको लागि क्रियाकलापको प्राथमिकीकरण गर्ने।

## ७.८ पुनर्निर्माण कार्ययोजना

### क. सार्वजनिक सम्पत्तिको पुनर्निर्माण योजना

| क.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | आन्दोलनको क्रममा सामान्य क्षति भएका भवन/संरचनाको मर्मत गरी सेवा प्रवाह संचालन गर्ने। | सामान्य क्षति भएका भवनको मर्मत, रंगरोगन र संचालन गर्ने। | सम्बन्धित मन्त्रालय/ निकाय, प्रदेश र स्थानीय तह | शहरी विकास मन्त्रालय | ३ महिना |
| | | सार्वजनिक भवनको अभावमा अवरुद्ध भएको सेवा वा उत्पादन सुचारू गर्न भवन भाडामा लिने, अन्य कार्यालयको खाली भवन प्रयोग गर्ने वा अस्थायी संरचना तयार गरी प्रयोगमा ल्याउने। | सम्बन्धित मन्त्रालय/ निकाय, प्रदेश र स्थानीय तह | शहरी विकास मन्त्रालय | ३ महिना |
| | | सेवा प्रवाह तथा उत्पादनको कार्यको लागि आवश्यक पर्ने अन्य भौतिक तथा अस्थायी सम्पत्ति वा | सम्बन्धित मन्त्रालय/ निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय | ३ महिना |

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | | साधनमा क्षति भई अवरुद्ध भएकोमा विनियोजित बजेटबाट नै न्यूनतम संख्यामा खरिद गरी उपयोग गर्ने। | | | |
| | | सञ्चालनमा रहेको व्यवस्थापन सूचना प्रणाली अवरुद्ध भई कार्यसम्पादन अवरुद्ध भएकोमा सो प्रणालीको मर्मत सम्भार तथा अद्यावधिक गरी सञ्चालनमा ल्याउने वा वैकल्पिक उपाय अवलम्बन गरी सेवा पुनःसुचारु गर्ने । | सम्बन्धित मन्त्रालय/ निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय | ३ महिना |
| | | अवरुद्ध प्रशासनिक सेवा सुचारू गर्न ICT, Networking, Communication समेतका उपकरणलाई तुरुन्त प्रतिस्थापन गर्ने। | सम्बन्धित मन्त्रालय/ निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय | ३ महिना |

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | | सरकारी संरचना आगजनी/तोडफोडबाट क्षति भएका अभिलेख, मिसिल तथा कागजातको पुनर्स्थापना गर्ने। | सम्बन्धित मन्त्रालय/ निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय | ३ महिना |
| २. | आन्दोलनको क्रममा आंशिक र सामान्य क्षति भएका सवारी साधनको मर्मत र संचालन गर्ने। | सवारी साधनको अभावमा अवरुद्ध भएको सार्वजनिक सेवा सुचारू गर्न उपलव्ध भएसम्म अन्य कार्यालयमा जगेडामा रहेका सवारी साधन प्रयोग गर्ने। | सम्बन्धित मन्त्रालय/ निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय | ३ महिना |
| | | आंशिक र सामान्य क्षति भएका सवारी साधनको मर्मत गरी संचालन गर्ने। | सम्बन्धित मन्त्रालय/ निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय | ३ महिना |
| ३. | आंशिक क्षति भएका सरकारी भवन तथा संरचनाको पुनर्निर्माणलाई प्रभावकारी रुपमा | आंशिक रुपमा क्षति भएका संघ अन्तर्गतका सरकारी भवन/संरचनाको विस्तृत क्षति मूल्यांकन तथा विस्तृत इन्जिनियरिङ डिजाइन तयार गर्ने। | शहरी विकास मन्त्रालय | सम्वन्धित मन्त्रालय/निकाय | ६ महिना |

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्ने। | आंशिक रुपमा क्षति भएका प्रदेश र स्थानीय तह अन्तर्गतका सरकारी भवन/संरचनाको विस्तृत क्षति मूल्यांकन तथा विस्तृत इन्जिनियरिङ डिजाइन तयार गर्ने। | सम्वन्धित प्रदेश र स्थानीय तह | शहरी विकास मन्त्रालय | ६ महिना |
| | | आंशिक रुपमा क्षति भएका संघ अन्तर्गतका सरकारी भवन/संरचनाको पुनर्निर्माण सम्पन्न गर्ने। | शहरी विकास मन्त्रालय | सम्वन्धित मन्त्रालय/ निकाय | १ वर्ष |
| | | आंशिक रुपमा क्षति भएका प्रदेश र स्थानीय तह अन्तर्गतका सरकारी भवन/संरचनाको पुनर्निर्माण सम्पन्न गर्ने। | सम्वन्धित प्रदेश र स्थानीय तह | शहरी विकास मन्त्रालय | १ वर्ष |
| | | राष्ट्रपति भवन, सिंहदरवार, सर्वोच्च अदालत, संघीय मन्त्रालय, स्थानीय स्तरमा रहेका पूर्ण | शहरी विकास मन्त्रालय | सम्वन्धित मन्त्रालय/ निकाय | तत्काल |

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | | क्षतिग्रस्त सार्वजनिक भवनको पुनर्निर्माणलाई उच्च प्राथमिकता दिने। | | | |
| | | प्रदेश र स्थानीय तहका पूर्ण क्षतिग्रस्त सार्वजनिक भवनको पुनर्निर्माणलाई उच्च प्राथमिकता दिने। | सम्वन्धित प्रदेश र स्थानीय तह | शहरी विकास मन्त्रालय | तत्काल |
| | | आगजनी तथा तोडफोडबाट भविष्यमा क्षति न्यूनीकरण गर्न सार्वजनिक निकायको भवन/संरचना पुनर्निर्माणमा 'Resilient Design/Structure' को अवधारणा अवलम्बन गर्ने। | शहरी विकास मन्त्रालय | सम्वन्धित मन्त्रालय/ निकाय | आवश्यकता अनुसार |
| ४ | पूर्ण क्षति भएका सरकारी भवन तथा संरचनाको पुनर्निर्माण कार्यलाई तिव्रता दिने। | पूर्ण रुपमा क्षति भएका संघ अन्तर्गतका सरकारी भवन/संरचनाको विस्तृत क्षति मूल्यांकन तथा विस्तृत इन्जिनियरिङ डिजाइन तयार गर्ने। | शहरी विकास मन्त्रालय | सम्वन्धित मन्त्रालय/ निकाय | ६ महिना |

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | | पूर्ण रुपमा क्षति भएका प्रदेश र स्थानीय तह अन्तर्गतका सरकारी भवन/संरचनाको विस्तृत क्षति मूल्यांकन तथा विस्तृत इन्जिनियरिङ डिजाइन तयार गर्ने। | सम्वन्धित प्रदेश र स्थानीय तह | शहरी विकास मन्त्रालय | ६ महिना |
| | | पूर्ण रुपमा क्षति भएका संघ अन्तर्गतका सरकारी भवन/संरचनाको पुनर्निर्माण सम्पन्न गर्ने। | शहरी विकास मन्त्रालय | सम्वन्धित मन्त्रालय/ निकाय | ३ वर्ष |
| | | पूर्ण रुपमा क्षति भएका प्रदेश र स्थानीय तह अन्तर्गतका सरकारी भवन/संरचनाको पुनर्निर्माण सम्पन्न गर्ने। | सम्वन्धित प्रदेश र स्थानीय तह | शहरी विकास मन्त्रालय | ३ वर्ष |
| ५. | आंशिक र पूर्ण क्षति भएका सरकारी भवन/ | भवन/संरचना पुनर्निर्माणका लागि स्रोत सुनिश्चित गर्न आगामी आर्थिक वर्षको मध्यमकालीन | सम्वन्धित मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय/ राष्ट्रिय योजना आयोग | १ देखि ३ वर्ष |

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | संरचनाको पुनर्निर्माणका लागि वित्तिय स्रोतको प्रवन्धलाई प्राथमिकता दिने। | खर्च संरचनामा समावेश गर्ने। | | | |
| | | पुनर्निर्माणका लागि केन्द्रीय पुनर्निर्माण तथा पुनरोत्थान कोषमा पर्याप्त स्रोतको व्यवस्थापन गर्ने । | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ गृह मन्त्रालय | तत्काल |
| | | पूर्णरुपमा क्षति भएका सवारी साधन, स्थायी सम्पत्ति र अन्य अस्थायी सम्पत्तिको खरिद/जडान/सञ्चालन को लागि आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा समावेश गर्ने। | सम्वन्धित मन्त्रालय/ निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय/ राष्ट्रिय योजना आयोग | १देखि ३ वर्ष |
| ६. | अग्नि सुरक्षा सम्वन्धमा संस्थागत सुदृढीकरण गर्ने। | सरकारी भवन/संरचनामा अग्नि सुरक्षा सम्वन्धी Fire Safety Code तर्जुमा गरी कार्यान्वयन गर्ने। | शहरी विकास मन्त्रालय | गृह मन्त्रालय, स्थानीय तह | २ वर्ष |
| | | आगलागीबाट क्षतिग्रस्त संरचनाको मूल्याङ्कन (Fire | शहरी विकास मन्त्रालय | अर्थ मन्त्रालय | १ वर्ष |

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | | Damage Assessment) गर्न सक्ने विज्ञ जनशक्ति तयार गर्ने। | | | |
| | | सार्वजनिक निकायले आधारभूत अग्नी नियन्त्रक उपकरण संचालन गर्न सक्ने गरी कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने। | सम्वन्धित मन्त्रालय/ निकाय | गृह मन्त्रालय/ शहरी विकास मन्त्रालय | १ वर्ष |
| | | धेरै मानिसको जमघट हुने ठुला सरकारी, निजी तथा सार्वजनिक भवनहरुको नियमित रुपमा फायर सेफ्टी अडिटको व्यवस्था गर्ने। | शहरी विकास मन्त्रालय | गृह मन्त्रालय/ प्रदेश, स्थानीय तह | १ वर्ष |
| ७. | पुनर्निर्माण कार्यका लागि तहगत समन्वय, सहजीकरण र सहयोग परिचालन गर्ने। | तीन वटै तहका सरकारी निकाय, निजी क्षेत्र तथा सामुदायिक संस्थासँगको सहकार्य, समन्वय, साझेदारीका साथै सहयोग परिचालन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रदेश र स्थानीय तह | तत्काल |

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | | पुनर्निर्माण सम्वन्धी कार्यको एकीकृत अनुगमन प्रणाली लागू गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश र स्थानीय तह | राष्ट्रिय योजना आयोग, | ३ महिना |
| ८. | भौतिक सम्पत्ति ह्रासकट्टिको लेखाङ्कन व्यवस्था गर्ने र भौतिक सम्पत्तिको जोखिम हस्तान्तरण तथा पूर्ण बिमा प्रणाली कार्यान्वयन गर्ने। | सबै सरकारी भवन, सवारी साधन र अन्य भौतिक सम्पत्तिको पूर्ण र अनिवार्य बीमा गर्ने। | सम्वन्धित मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय | १ वर्ष |
| | | सरकारी भवन तथा अन्य भौतिक सम्पत्तिको चालु मूल्य निर्धारण, बिमा मूल्यांकन लगायतमा सहजता ल्याउन ह्रासकट्टीको लेखाङ्कन व्यवस्था समेत गर्नेगरी कानून निर्माण गर्ने। | अर्थ मन्त्रालय | सम्वन्धित मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तह | २ वर्ष |
| | | सम्पत्तिको चालु मूल्य निर्धारण, बिमा मूल्यांकन लगायतमा सहजता ल्याउन ह्रासकट्टीको लेखाङ्कन व्यवस्थाका लागि विद्यमान सरकारी लेखा प्रणालीमा | अर्थ मन्त्रालय | सम्वन्धित मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तह | २ वर्ष |

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | | परिमार्जन गर्ने । | | | |
| ९. | सरकारको आर्थिक दायित्व न्यून हुनेगरी सरकारी सवारी साधन प्रयोगमा दीर्घकालीन समाधानका लागि नीतिगत व्यवस्था गर्ने। | सरकारी सवारी साधनको खरिद, मर्मत सम्भार इन्धनमा सरकारको आर्थिक दायित्व न्यून हुने गरी कानून बमोजिम सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीको नै सवारी साधनको स्वामित्व हुने गरी विद्यमान नीतिमा पुनरावलोकन गर्ने। | अर्थ मन्त्रालय | सम्वन्धित मन्त्रालय/ निकाय | ६ महिना |
| | | सवारी साधन प्रतिस्थापन तथा मर्मत सम्भारका लागि वार्षिक विकास कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा स्रोत सुनिश्चित गर्ने। | सम्वन्धित मन्त्रालय/निकाय | अर्थ मन्त्रालय/ राष्ट्रिय योजना आयोग | १ वर्ष |

## ७.९ संस्थागत व्यवस्थ

पुनर्निर्माणको लागि विद्यमान सार्वजनिक तथा अन्य संस्था/निकायलाई समेत परिचालन गरिनेछ । सरकारी भवन र अन्य पूर्वाधार निर्माणमा शहरी विकास मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछन्। प्रदेश सरकारमा भवन पूर्वाधार हेर्ने मन्त्रालय र स्थानीय तहमा नगरपालिका/कार्यपालिकाले पुनर्निर्माण गर्नेछन्। नीतिगत र कार्यक्रमगत समन्वयमा राष्ट्रिय योजना आयोग र स्रोत व्यवस्थापनमा अर्थ मन्त्रालयको भूमिका रहनेछ।

## ७. १० अनुगमन तथा मूल्याङ्कन

क्षतिग्रस्त भवन, संरचना तथा सम्पत्तिको पुनर्निर्माण एवम् पुन:स्थापना सम्बन्धी कार्ययोजना कार्यान्वयनको समयवद्ध अनुगमन तथा मूल्याङ्कन गरिनेछ । पुनर्निर्माण एवम् पुन:स्थापनाको लक्ष्यअनुसार परिचालित स्रोतको निश्चित समय अवधिमा के कसरी उपयोग भइरहेको छ र अपेक्षित नतिजा हासिल गर्नेतर्फ कार्यसम्पादनको प्रगति उन्मूख छ वा छैन भन्ने विषयको निरन्तर र आवधिक समीक्षा गरिनेछ । यसका लागि कार्यान्वयन गर्ने निकायले आवधिक प्रगति प्रतिवेदन तयार गरी सरोकार निकायमा पेश गर्नेछन् । लक्ष्यअनुसार प्रगति सुस्त देखिएमा तत्कालीन सुधारका उपाय र आवश्यक समन्वयको व्यवस्था मिलाइनेछ । सुधारका उपायको निरन्तर अवलम्बन गरी सम्बन्धित निकायले पुनर्निर्माण कार्यलाई प्रभावकारी बनाउन तल्लिन रहनु पर्नेछ । पुनर्निर्माण एवम् पुन:स्थापना कार्यको समग्र पक्षको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र राष्ट्रिय योजना आयोगबाट गरिनेछ । आन्तरिक तथा अन्तिम लेखापरीक्षणमार्फत परिचालित कोषको उपयोगिता र नतिजाको मूल्याङ्कन गरिनेछ । देहायअनुसारको खाकामा आधारित भई अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

## तालिका ५.१७ : पुनर्निर्माण तथा पुरनोत्थानको अनुगमन तथा मूल्याङ्कन खाका

| क्र.सं. | मुख्य कार्यक्रम | सूचक | लक्ष्य | भौतिक प्रगति (%) | वित्तीय प्रगति (%) | सूचनाको स्रोत | प्रगति न्यून भएको भए कारण | सुधार गर्नुपर्ने मुख्य विषय |
|---|---|---|---|---|---|---|---|---|
| १. | सरकारी भवन | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६ | | | | | | | | |
| ७. | | | | | | | | |

# अनुसूची १

## तथ्याङ्क संकलनको प्रश्नावली

क. मानवीय तथा आर्थिक-सामाजिक क्षतिको विवरण

## २०८२ भदौ २३ र २४ मा भएको आन्दोलनका क्रममा भएको क्षतिको विवरण संकलन फाराम

खण्ड १ परिचयात्मक खण्ड

१.१ क्षतिग्रस्त भवनको ठेगाना

- १.३.१ प्रदेश
- १.३.२ जिल्ला
- १.३.३ पालिका
- १.३.४ वार्ड नं.
- १.३.५ क्षतिग्रस्त संरचना नं.
- १.३.६ टोल/गाउँ
- १.३.७ (क) अक्षांश
  - (ख) देशान्तर
  - (ग) प्लस कोड

१.२ (क) क्षतिग्रस्त भवन/भवन परिसरको नाम के हो ?

१.२ (ख) क्षतिग्रस्त संरचनाको नाम (निजि आवासको हकमा घरधनीको नाम उल्लेख गर्ने):-

१.२ (ग) क्षति भएको संस्था/कार्यालय/भवनको प्रकार

- १) सरकारी
- २) सार्वजानिक
- ३) निजि

१.३ क्षतिग्रस्त भएको संरचना कुन क्षेत्रको हो ?

- १) निजी आवास
- २) सरकारी निकाय
- ३) सार्वजानिक संस्थान
- ४) होटल तथा रेष्टुरेन्ट

५) व्यापारः मोटर तथा मोटरसाइकल बाहेक

६) व्यापारः मोटर तथा मोटारसाईकल

७) उद्योग प्रतिष्ठान

८) निजि विद्यालय

९) निजि स्वास्थ्य संस्था

१०) गैर सरकारी संस्थ अन्तरास्टीय गैर सरकारी संस्था (INGO/NGO)

११) नागरिक समाज

१२) अन्य (खुलाउने.....)

१.३.१ यो कार्यालय/संस्थान कुन सरकार अन्तर्गत पर्दछ ? (सरकारी तथा सार्वजानिक संस्थानलाई मात्र सोध्ने)

१) संघ

२) प्रदेश

३) स्थानीय

१.३.२ यदि संघ सरकार अन्तरगतको कार्यालय हो भने कार्यालय मन्त्रालय विभाग निकाय अन्तरगत पर्दछ ?

संघ सरकारका निकायलाई मात्र सोध्ने

१) राष्ट्रपतिको कार्यालय
२) उपराष्ट्रपतिको कार्यालय
३) संघीय संसद सचिवालय
४) अदालत
५) न्याय परिषद सभिवालय
६) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
७) अर्थ मन्त्रालय
८) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
९) ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
१०) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
११) कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
१२) खानेपानी मन्त्रालय
१३) गृह मन्त्रालय
१४) संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय
१५) परराष्ट्र मन्त्रालय

१६) वन तथा वातावरण मन्त्रालय
१७) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
१८) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
१९) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
२०) युवा तथा खेलकुद मन्त्रालय
२१) रक्षा मन्त्रालय
२२) शहरी विकास मन्त्रालय
२३) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
२४) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
२५) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
२६) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
२७) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
२८) संवैधानिक आयोगहरु
२९) नेपाली सेना
३०) नेपाल प्रहरी
३१) सशस्त्र प्रहरी बल, नेपाल
३२) राष्ट्रिय अनुसन्धान विभाग

१.३.३ यस भवन/भवन परिसरमा आन्दोलनका क्रममा कस्तो प्रकारको क्षति भयो (बहुउत्तर सम्भव)

१) आगजनी
२) तोडफोड
३) चोरी

१.४ यस घटनाको कारणले...... कति दिन पूर्ण बन्द भयो ? दिन संख्याः.........

१.५ सम्पर्क/जवाफदिने व्यक्तिको विवरण

१.५.१ नामः

१.५.२ पदः

१.५.३ फोन नं.:

१.५.४ ईमेलः

खण्ड २ मानवीय चोटपटक र क्षति

